# वार्षिक प्रतिवेदन

आ.व. २०७६ /२०७७

## प्रदेश मामिला तथा कानून समिति

प्रदेश नं. ५, बुटवल, नेपाल

# प्रदेश सभा
## प्रदेश मामिला तथा कानून समिति
प्रदेश नं. ५, बुटवल

मा. श्री दामा कुमारी शर्मा - सभापति

**<u>सम्पादन मण्डल</u>**

श्री दुर्लभ कुमार पुनमगर - सचिव

श्री श्याम प्रसाद श्रेष्ठ - उपसचिव

श्री सीता घिमिरे - कानून अधिकृत

श्री विवश बोहरा - कम्प्युटर अपरेटर (कभर ले-आउट/डिजाईन)

---

फोटो : विजय पोखरेल

प्रकाशक : प्रदेश सभा सचिवालय, प्रदेश नं. ५, बुटवल, नेपाल

वितरण : निःशुल्क

प्रकाशन प्रति : ५००।-

प्रकाशन मिति : २०७७, असार

सर्वाधिकार : प्रदेश सभा सचिवालयमा सुरक्षित

मुद्रण : प्रकाश अफसेट प्रेस, बुटवल ।

# सभापतिको मन्तव्य

माननीय सभामुख महोदय,

संघीयता कार्यान्वयन भई प्रदेश सभाको स्थापना भएसँगै मिति २०७५ असार २८ गते गठन भएको प्रदेश मामिला तथा कानून समितिले आफ्नो स्थापनाको दुई वर्ष पुरा गरी आफ्नो क्षेत्राधिकार भित्र रहेर दुई वर्षको कार्य सम्पादन गर्ने अवसर प्राप्त गरेको छ । गत वर्ष समिति गठन भएको करिब १ वर्ष पुग्नै लाग्दा समितिको कार्यअनुभव सहितको पहिलो वार्षिक प्रतिवेदन २०७५ असार मसान्तमा प्रकाशित गरी मिति २०७६ असोज २ गते प्रदेश सभामा पेश गरेको थियो ।

सभामुख महोदय,

आ.व. २०७६।०७७ मा समितिका जम्मा ३१ वटा बैठकहरु बसेका छन् । यस आवमा समितिको पहिलो बैठक मिति २०७६ श्रावण २ गते र अन्तिम बैठक मितिः २०७६ असार २१ गते बसेको थियो । समितिको वार्षिक प्रतिवेदन प्रकाशित गर्ने अवधिसम्ममा यस समितिमा प्रदेश सभाबाट ३ वटा विधेयक प्राप्त भएकोमा सबै विधेयकहरु माथि अध्ययन र मन्त्रालयका पदाधिकारी समेतको उपस्थितिमा दफावार छलफल गर्ने, सरोकारवालासँग छलफल तथा अन्तरक्रिया गरी सबै विधेयकमा आवश्यक संशोधन सहित समितिले प्रतिवेदन पारित गरी सभा समक्ष पेश गरेको थियो ।

मिति २०७६ चैत्र ९ गतेदेखि Covid-19 को विश्वव्यापी प्रकोपबाट बच्न नेपाल सरकारले गरेको Luck down र कोरोना कहरका बीचमा समेत समितिले आफ्ना बैठकहरु नियमित रुपमा संचालन गरी प्रदेश सरकारलाई यसको रोकथाम र नियन्त्रणका लागि आवश्यक निर्देशन समेत दिएको थियो । कोरोना भाइरसबाट बच्न र यसलाई रोकथाम गर्ने उपायहरुका बारेमा समितिले अन्तर प्रदेश समितिसँग Zoom प्रविधि मार्फत बैठक बसी अनुभव आदान प्रदान तथा आफ्नो प्रदेश सरकारलाई रचनात्मक सुझाव दिएको थियो ।

माननीय सभामुख महोदय,

गत आवमा यस समितिले "प्रदेश सरकारद्वारा Covid-19 को रोकथाम, नियन्त्रण र उपचारका लागि बनाईएका "Quarantine, Holding center र Isolation center को संचालनका" को अवस्थाका बारेमा र "मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम"को संचालन तथा कार्यान्वयनको अवस्थाको बारेमा विभिन्न जिल्लामा दुई/दुई वटा टोली बनाई जम्मा दुई वटा क्षेत्रहरुको संसदीय निगरानी अर्न्तगतको स्थलगत अध्ययन/अनुगमन गरेको थियो ।

प्रदेशको मुख्यमन्त्री र मन्त्रिपरिषद कार्यालय तथा आन्तरिक मामिला तथा कानून मन्त्रालयको काम कारवाहीको निगरानी तथा समस्याहरु समाधानका लागि सहजीकरण गर्ने यो समिति प्रदेश सभाको महत्वपूर्ण समिति हो । साथै मानव अधिकार, सुशासन जस्ता गम्भिर र महत्वपूर्ण विषय समेत यस समितिको कार्यक्षेत्रमा रहेका छन् । प्रदेश सरकारले बनाएका सम्पूर्ण कानूनले प्रत्यायोजन

गरेको अधिकार अनुसार प्रत्यायोजित कानून बने नबनेको अध्ययन गरी जाँच गर्ने समेत यस समितिको जिम्मेवारी रहेको छ । तसर्थ यस समितिका काम कारवाहीहरुलाई थप प्रभावकारी बनाउन मानवीय स्रोत साधन आदिको अवस्था मजबुत बनाउँदै, अनुसन्धानमुलक कार्यमा समेत जोड दिन आवश्यक छ । प्रदेश सरकारका विभिन्न निकायलाई दिएका सुझाव एवं निर्देशनहरुको कार्यान्वयन अवस्था समेतको खोजी गर्नुका साथै सरकार र समितिको सम्बन्ध प्रभावकारी बनाउँदै, समिति, सरकार, नागरिक समाज एवं सञ्चार जगतबीच उचित मात्रामा समन्वय र सहकार्य कायम गर्ने लगायतका कार्यहरु गर्दै अगाडि बढ्न आवश्यक देखिन्छ ।

अन्तमा समितिको कार्य सम्पादनमा निरन्तर रुपमा मार्गदर्शन गर्नुहुने माननीय सभामुखज्यू, माननीय उपसभामुखज्यू, समितिको कार्यसम्पादनमा सहयोग गर्नुहुने कार्यक्षेत्र अन्तर्गतका मन्त्रालयका माननीय मुख्यमन्त्री तथा मन्त्रीज्यूहरु, समितिको कार्यमा निरन्तर लागी पर्नु हुने समितिका माननीय सदस्यहरु, प्रदेश सभा सचिव, समिति सचिव र यस समिति सचिवालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरु, समितिको कार्यक्षेत्र र कार्यसम्पादनसँग सम्बन्धित सरोकारवाला निकायका प्रमुख एवं प्रतिनिधिहरु, पत्रकार मित्रहरु लगायत सम्बद्ध सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दै माननीय सभामुखज्यूको अनुमतिले प्रदेश मामिला तथा कानून समितिको वार्षिक प्रतिवेदन, २०७७ सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु ।

धन्यवाद ।

मिति २०७७/०६/१६

**दामा कुमारी शर्मा**
सभापति

## विषय सूची


| क्र.सं. | विवरण | पृष्ठ |
|---|---|---|
| **१** | **परिच्छेद-१ प्रारम्भिक** | १ |
| १.१. | परिचय | १ |
| १.२. | समितिको गठन | १ |
| १.३ | समिति सचिवालय | २ |
| १.४ | समितिको कार्यक्षेत्र र अधिकार | २ |
| १.५ | समितिको कार्य | २ |
| १.६ | समितिको कार्यविधि | २ |
| १.७ | सीमा | ३ |
| १.८ | प्रतिवेदनको संरचना | ३ |
| **२** | **परिच्छेद-२ सम्पादित कार्य** | ४ |
| २.१. | बैठक, निर्णय तथा निर्देशन | ४ |
| २.२. | उप समितिको गठन र कार्य | १४ |
| २.३. | विधायन सम्बन्धी भएका समितिका मुख्य कार्य विवरणहरु | १५ |
| **३.** | **परिच्छेद-३, निर्णय/निर्देशन कार्यान्वयन सम्बन्धी** | १६ |
| ३.१ | निर्णय/निर्देशन कार्यान्वयनको अवस्था | १६ |
| ३.२ | निर्णय/निर्देशन कार्यान्वयनको समस्या | १६ |
| **४.** | **परिच्छेद-४, कार्य सम्पादनका समस्या** | १७ |
| ४.१. | समितिको कार्य सम्पादनमा देखिएका समस्या | १७ |
| **५.** | **परिच्छेद-५, निष्कर्ष, सुझाव तथा सिफारिस** | १८ |
| ५.१ | निष्कर्ष | १८ |
| ५.२ | सुझाव तथा सिफारिस | १९ |
| ६ | अनुसूचिहरु | २१ |

# परिच्छेद १

## प्रारम्भिक

### १.१. परिचय

प्रदेश सभाको स्थापना सँगै समितिले आफ्नो दुई वर्षको कार्य सम्पादन गर्ने अवसर प्राप्त गरेको छ। प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ बमोजिम प्रदेश सभाको नियमित कार्यमा सहयोग पुऱ्याउन प्रदेश सभा अन्तर्गत विषयगत समिति र विशेष समिति गठन गर्न सकिने व्यवस्था भए बमोजिम प्रदेश सरकारलाई प्रदेश सभा प्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन र प्रदेशसभालाई व्यवस्थित गर्नका लागि संविधानको धारा १९३ बमोजिम गठित विभिन्न छ वटा विषयगत समितिहरु मध्ये प्रदेश मामिला तथा कानून समिति पनि एक हो। यस समितिको कार्यक्षेत्रमा मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र आन्तरिक मामिला तथा कानून मन्त्रालय पर्दछन्। पदेन सदस्य बाहेक सभामुखले कार्यव्यवस्थाको परामर्श लिई समितिमा १६ जना सदस्यहरु रहने व्यवस्था रहेको छ। मुख्यमन्त्री र समितिको कार्य क्षेत्रसित सम्बन्धित आन्तरिक मामिला तथा कानून मन्त्री यस समितिका पदेन सदस्य रहने व्यवस्था नियमावलीमा रहेको छ।

प्रदेशका मुख्यमन्त्री र मन्त्रिपरिषद कार्यालय तथा आन्तरिक मामिला तथा कानून मन्त्रालयको कामकारवाहीको निगरानी तथा समस्याहरु समाधानका लागि सहजीकरण गर्ने यस समिति प्रदेश सभाको एक महत्वपूर्ण समिति हो। साथै मानव अधिकार, सुशासन जस्ता गम्भिर र महत्वपूर्ण विषय समेत यस समितिको कार्यक्षेत्रमा रहेको छ। प्रदेश सरकारले वनाएका सम्पूर्ण कानूनले प्रत्यायोजन गरेको अधिकार अनुसार प्रत्यायोजित कानून बने नबनेको समेत अध्ययन गरि जाँच गर्ने समेत यस समितिको जिम्मेवारी रहेको छ। तसर्थ यस समितिका काम कारवाहीहरुलाई थप प्रभावकारी बनाउन मानवीय स्रोत साधन आदिको अवस्था मजबुत बनाउँदै, अनुसन्धानमुलक कार्यमा समेत जोड दिने आवश्यक रहेको छ।

### १.२ समितिको गठन

प्रत्येक समितिमा सभामुखले प्रदेश सभाको सहमति लिई पदेन सदस्य बाहेक बढीमा १५ जना सदस्य मनोनयन गर्न सक्ने व्यवस्था नियमावलीमा छ। वि. सं. २०७४ सालमा सम्पन्न भएको प्रदेश सभाको निर्वाचन पश्चात् नेपालको संविधानको धारा १९३ तथा प्रदेश सभा नियमावली २०७४ को नियम १४६ अनुसार गठन भएको प्रदेश सभा अन्तर्गत गठित यस प्रदेश मामिला तथा कानून समितिमा हाल सभापति मा. दामा कुमारी शर्मा सहित जम्मा १४ जना सदस्य (पदेन सदस्य बाहेक) रहनु भएको छ। मुख्यमन्त्री र समितिको कार्यक्षेत्रसित सम्बन्धित आन्तरिक मामिला तथा कानून मन्त्री यस समितिका पदेन सदस्य रहने व्यवस्था नियमावलीमा छ। समितिमा रहनुभएका माननीय सदस्यहरुको नामावली अनुसूची-२ मा रहेको छ।

## १.३ समिति सचिवालय

प्रदेश सभा सचिवालय अन्तर्गत प्रदेश मामिला तथा कानून समितिको सचिवालय रहेको छ। यस समितिमा प्रदेश सभाको सचिव पदेन सचिव हुने व्यवस्था भएता पनि सचिवले अधिकृतलाई समितिको सचिव भई काम गर्न तोक्न सक्ने व्यवस्था भए बमोजिम यस समितिमा कानून अधिकृत श्री सीता घिमिरे समिति सचिवको रुपमा कार्यरत हुनुहुन्छ । समिति सचिवालयमा कार्यरत कर्मचारीहरुको विवरण अनुसूची-३ मा रहेको छ ।

## १.४ समितिको कार्यक्षेत्र र अधिकार

प्रदेश सभा नियमावलीको नियम १४६ मा उल्लेख भए अनुसार समितिले प्रदेशभित्र रहेका शासन व्यवस्था, मानव अधिकार, सुशासन, कानून, न्याय, प्रत्यायोजित अधिकार, शान्ति सुरक्षा र सुव्यवस्था प्रदेश प्रहरी, विपद् व्यवस्थापन एवं मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग सम्बन्धी कार्य गर्ने समितिको कार्य क्षेत्र रहेको छ ।

## १.५ समितिको कार्य

प्रदेश सभा नियमावली २०७४ को नियम १५१ अनुसार समितिबाट मुख्य रुपमा सम्पादन हुने कार्यहरु देहाय बमोजिम रहेका छन् ।

- प्रदेश सभाले प्रदेश मामिला तथा कानून समितिमा पठाएको विधेयकको समीक्षा गर्ने र सहमति भए अनुसार विधेयकहरुमा संशोधनको सिफारिस गर्ने,
- समितिले विषयक्षेत्र अन्तर्गतको जिम्मेवारीमा पर्ने मन्त्रालय एवं अन्तर्गतका सरकारी निकायको काम कारवाहीको अनुगमन, विश्लेषण एवं मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्नेछ र आवश्यकता अनुसार सम्बन्धित निकायलाई निर्देशन दिन सक्नेछ,
- सभाले निर्धारण गरेको समितिले नियम ६० अनुरुप मन्त्रिपरिषद, सरकारी वा गैर सरकारी निकायको निर्णयको कुनै कारणले सम्वन्धित प्रदेश भित्र बसोबास गर्ने नेपाली नागरिकलाई मर्का परेको यस समितिको कार्यक्षेत्र अन्तर्गत पर्ने विषय खुलाई कम्तीमा एक सय जना व्यक्तिको हस्ताक्षर सहित दिएको आवेदनपत्रलाई तीन जना सदस्यले प्रमाणित गरी प्रस्तावको रुपमा सभा समक्ष प्रस्तुत हुन आएको आवेदनपत्र उपर जाँचबुझ गरी सभामा प्रतिवेदन पेश गर्ने,
- समितिले आफ्नो कार्य सम्पादनका लागि आवश्यक पर्ने कार्यविधि निर्धारण गर्ने,
- सभाको निर्णयद्वारा समितिलाई दिइएको अन्य कुनै कार्य र जिम्मेवारी निर्वाह गर्ने ।

## १.६ समितिको कार्यविधि

समितिले आफूलाई सुम्पिएका विभिन्न कार्यहरु सम्पादन गर्ने सिलसिलामा देहाय बमोजिमका कार्यविधि र प्रक्रिया अवलम्बन गरेको छ :

क) समितिको आन्तरिक कार्यविधि बनाई लागू गरिएको,

ख) समितिका आन्तरिक बैठक र छलफल,

ग) कार्यक्षेत्र भित्रका मन्त्रालयका मुख्यमन्त्री, मन्त्री, सचिव र मन्त्रालयका पदाधिकारीसँग छलफल

घ) सरोकारवाला निकायका प्रमुख र प्रतिनिधिहरुसँगको छलफल एवं अर्न्तक्रिया,

ङ) विभिन्न विषयका विशेषज्ञसँगको छलफल,
च) लिखित दस्तावेजहरुको अध्ययन,
छ) उपसमितिको गठन,
ज) स्थलगत अवलोकन अध्ययन भ्रमण,
झ) सरोकारवाला निकायहरुलाई आवश्यक निर्देशन
ञ) प्रतिवेदन (वार्षिक वा अन्य)।
च) समितिको कार्यविधि अनुसूचि १ मा रहेको छ।

**१.७ सीमा**

नेपालको संविधान, प्रदेश सभा नियमावली, २०७४ र समितिको कार्यविधिमा सिमित रही समितिले प्रतिवेदन तयारी गरेको छ।

**१.८ प्रतिवेदनको संरचना**

यो प्रतिवेदनमा जम्मा पाँचवटा परिच्छेद रहेका छन्। परिच्छेद एकमा प्रारम्भिक रहेको छ र सो अन्तर्गत समितिको परिचय, समिति गठन, समिति सचिवालय, समितिको कार्यक्षेत्र र अधिकार, समितिको कार्य, समितिको कार्यविधि र प्रक्रिया, सीमा र प्रतिवेदनको संरचना रहेका छन्। परिच्छेद दुईमा समितिबाट सम्पादित कार्य रहेको छ। यसैगरी परिच्छेद तीनमा निर्णय तथा निर्देशन कार्यान्वयन रहेको छ भने परिच्छेद चारमा कार्य सम्पादनमा देखिएका समस्याहरु समावेश गरिएको छ। परिच्छेद पाँचमा निष्कर्ष, सुझाव तथा सिफारिस रहेको छ।

# परिच्छेद-२

## सम्पादित कार्य

### २.१. बैठक, निर्णय तथा निर्देशन

मिति २०७६/०४/०२ गते देखि २०७७/०३/२१ गतेसम्म समितिको बैठक ३१ पटक बसेको थियो । समितिका बैठकहरु र बैठकबाट भएका निर्णयहरुको विवरण देहाय बमोजिम रहेको छ ।

**समितिको बैठक, छलफल, निर्णय र निर्देशनः**

| बैठक संख्या मिति | निर्णय |
|---|---|
| **बैठक संख्याः ३४**<br>**२०७६ साउन २** | १. कारागार अनुगमन समूहहरुको अनुगमन प्रतिवेदन प्रस्तुत भयो र दुवै समूहको प्रतिवेदनलाई एकिकृत गरी समितिको प्रतिवेदन खाका ३ दिने भित्र तयार गर्ने,<br>२. प्रदेश लोक सेवा आयोग गठन तयारी, प्रदेश निजामति सेवा विधेयकको ड्राफ्ट्, प्रत्यायोजित व्यवस्थापन अर्न्तगत बनेका नियम, निर्देशिका र कार्यविधि आदिको विवरण, बुटवल उमनपा-१, जिगतढी स्थिति केही स्थानीय बासीन्दाहरुको घर, टहरा भत्काईएको विषय तथा मानव अधिकार र सुशासनको क्षेत्रमा गत आ.व. २०७५।०७६ को काम, कारवाही र बजेट कार्यान्वयनको अवस्थाको सन्दर्भमा माननीय मुख्यमन्त्रीज्यूसँग समय लिई आमान्त्रण गरी छलफल गर्ने ।<br>३. समितिको आगामी बैठक मिति २०७६।०४।०३ गते बिहान ११ बजे समितिको वार्षिक प्रतिवेदनको तयारी सम्बन्धमा बस्ने । |
| **बैठक संख्या-३५**<br>२०७६ साउन ३ | १. समितिको वार्षिक प्रतिवेदनको खाका सर्वसम्मतीले पारित,<br>२. वार्षिक प्रतिवेदन तयारीका लागि मा.भोज प्रसाद श्रेष्ठज्यूको संयोजकत्वमा मा. रमा अर्याल र मा. भगवतीदेवी भण्डारी रहने गरी तीन (३) सदस्यीय उपसमिति गठन गरियो,<br>३. संघ संस्था दर्ता ऐन कार्यान्वयनको अवस्था तथा प्रत्यायोजित व्यवस्थापन अर्न्तगत कानून मन्त्रालयसँग सम्बन्धित नियम, निर्देशिका र कार्यविधि सम्बन्धी विषयमा मा. आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूलाई समितिको बैठकमा आमन्त्रण गरी छलफल गर्ने,<br>४. समितिको आगामी बैठक मिति २०७६।०४।०५ गते बिहान ११ बजे बस्ने । |
| **बैठक संख्या-३६**<br>२०७६ साउन ५ | १. संघ संस्था दर्ता ऐन कार्यान्वयनको अवस्था तथा प्रत्यायोजित व्यवस्थापन अर्न्तगत कानून मन्त्रालयसँग सम्बन्धित नियम, निर्देशिका र कार्यविधि सम्बन्धी विषयमा मा. आन्तरिक मामिला तथा कानून मन्त्री श्री कुल प्रसाद केसीज्यूसँग छलफल गर्दा संघ संस्था दर्ता तथा प्रदेश प्रसारण सम्बन्धी नियमावलीहरुको मस्यौदा भइसकेको र प्रदेश |

| | | |
|---|---|---|
| | | विपद् व्यवस्थापन निर्देशिका जारी भएको विषय लगायत माननी सदस्यज्यूहरुले उठाउनु भएको समसामयिक विषयमा समेत जानकारी प्राप्त गरियो । |
| **बैठक संख्या-३७**<br>२०७६ साउन ६ | १. | प्रदेश लोक सेवा आयोग गठन तयारी, प्रदेश निजामति सेवा विधेयकको मस्यौदाको अवस्था, प्रत्यायोजित व्यवस्थापन अर्न्तगत बनेका नियम, निर्देशिका र कार्यविधि आदिको विवरण, बुटवल उमनपा-१, जिगतढी स्थिति केही स्थानीय बासीन्दाहरुको घर, टहरा भत्काएको विषयमा समितिको अध्ययन अनुगमन प्रतिवेदनको अवस्था तथा मानव अधिकार र सुशासनको क्षेत्रमा गत आ.व.२०७५।०७६ को कार्यक्रम र बजेट कार्यान्वयनको अवस्थाको सन्दर्भमा माननीय मुख्यमन्त्रीज्यूसँग छलफल गर्दा प्रदेश लोक सेवा आयोगठन गर्ने तयारी भैरहेको, बुटवल उमनपा-१, जिगतढी स्थिति केही स्थानीय बासीन्दाहरुको घर, टहरा भत्काएको विषयमा समितिको अध्ययन अनुगमन प्रतिवेदनमा स्थानीय तहसँग समन्वय गरी समस्या समाधानको पहल भएको र मानव अधिकार तथा शान्ति सुरक्षा लगायतका माननीय सदस्यज्यूहरुले उठाउनु भएका विषयमा समेत माननीय मन्त्रीज्यूबाट जानकारी प्राप्त गरियो । |
| **बैठक संख्या-३८**<br>२०७६ साउन १५ | १. | कारागार अनुगमन सम्बन्धी समितिको प्रतिवेदन सर्वसम्मतिले पारित गरियो । |
| | २. | राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिको मिति २०७६।०४।१४ च.नं. १० को पत्रानुसार संघ, प्रदेश र स्थानीय तह (अन्तर सम्बन्धमा व्यवस्थापन) विधेयक, २०७५ को सम्बन्धमा प्राप्त सूची अनुसारका माननीय सदस्यहरु, स्थानीय तहका पदाधिकारी तथा सरोकारवाला संघ संस्थाका प्रतिनिधिहरुको सहभागितामा मिति २०७६।०४।१८ गते यस समितिको आयोजनामा अन्तरक्रिया कार्यक्रम संचानल गर्ने । |
| **बैठक संख्या-३९**<br>२०७६ साउन १९ | | प्रदेश पदक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको दफा १ देखि दफा ५ सम्म दफावार छलफल गरियो । |
| **बैठक संख्या-४०**<br>२०७६ साउन २० | | प्रदेश पदक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको दफा ६ देखि दफा १६ सम्म दफावार छलफल गरियो । |
| **बैठक संख्या-४१**<br>२०७६ साउन २१ | | प्रदेश पदक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको प्रतिवेदन समितिको बैठकबाट सर्वसम्मतीले पारित गरी प्रदेश सभामा पेश गर्ने निर्णय गरियो ।<br>प्रदेश मामिला तथा कानून समितिको आयोजनामा मिति २०७६।४।१८ गते संचालन भएको संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक सम्बन्धी अन्तरक्रिया कार्यक्रमको समिक्षा गरियो । |

| | |
|---|---|
| **बैठक संख्या-४२**<br>२०७६ भाद्र ०८ | समितिको कार्यविधिमाथि व्यापक छलफल गरी सर्वसम्मतीबाट पारित गरियो । |
| **बैठक संख्या-४३**<br>२०७६ भाद्र १० | प्रदेश मामिला तथा कानून समितिको कारागार अनुगमन/अध्ययन प्रतिवेदन करागारको आवश्यक सुधारको लागि प्रदेश नं. ५ को आन्तरिक मामिला तथा कानून मन्त्रालयमा १ प्रति पठाउने र सोही मन्त्रालय मार्फत देहायका निकायहरुमा ३ प्रति पठाउन निर्देशन दिने निर्णय गरियो ।<br>**देहाय,**<br>क) वस्तुस्थितिको जानकारीको लागि गृह मन्त्रालय र कारागार विभागमा १/१ प्रति,<br>ख) नीतिगत सुधारको लागि संघीय राज्य व्यवस्था समितिमा १ प्रति । |
| **बैठक संख्या-४४**<br>२०७६ भाद्र २३ | १. प्रदेश नं. ५, सूचना तथा संचार प्रविधि प्रतिष्ठानको स्थापना तथा संचालन सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयकको प्रतिवेदन समितिको बैठकबाट सर्वसम्मतीले पारित गरी प्रदेश सभामा पेश गर्ने निर्णय गरियो । |
| **बैठक संख्या-४५**<br>२०७६ मंसिर १९ | सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफल गरियो । |
| **बैठक संख्या-४६**<br>२०७६ मंसिर २४ | १. आन्तरिक मामिला तथा कानून मन्त्रालयका माननीय मन्त्रीज्यू, सचिवज्यू, उपसचिवज्यूहरु र प्रदेश प्रहरी प्रमुखज्यूसँग “प्रदेशको लैङ्गिक हिंसा र यसको न्यूनिकरण कसरी गर्ने भन्ने सम्बन्धमा” मिति २०७६ मंसिर २९ गते छलफल गर्ने ।<br>२. सुशानको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विज्ञसंग छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गर्नको लागि माननीय श्री भोज प्रसाद श्रेष्ठज्यूको संयोजकत्वमा, माननीय श्री रमा अर्याल र समिति सचिव श्री सीता घिमिरे सदस्य रहने गरी उपसमितिलाई जिम्मेवारी दिईयो ।<br>३. सुशानको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विज्ञहरुसँग तपसील बमोजिम हुने गरी छलफल तथा अन्तरक्रिया कार्यक्रम गर्ने ।<br><br>**तपसील**<br>क) कार्यपत्र प्रस्तुत कर्ता : श्री टिकाराम घिमिरे<br>ख) टिप्पणी कर्ताः डा. वेद गिरी<br>ग) टिप्पणी कर्ता : डा. तारा प्रसाद उपाध्याय<br>घ) सभाध्यक्षः माननीय श्री दामा कुमारी शर्मा<br>ङ) स्वागत मन्तव्यः माननीय श्री रमा अर्याल |

| | |
|---|---|
| | च) विषय वस्तुमाथि प्रकाश: माननीय श्री भोज प्रसाद श्रेष्ठ<br>छ) प्रमुख अतिथि: आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री कुल प्रसाद के.सी.<br>च) कार्यक्रम संचालक: समिति सचिव श्री सीता घिमिरे<br>छ) कार्यक्रम मिति: २०७६ पुष १ गते<br>ज) समय: बिहान १० बजे देखि दिउँसो २ बजेसम्म<br>झ) स्थान: समितिको सभाहल । |
| **बैठक संख्या: ४७**<br>२०७६ मंसिर २९ | १. प्रदेशको लैङ्गिक हिंसाको व्यवस्थापन र न्यूनिकरण गर्नका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयका माननीय मन्त्रीज्यू, सचिवज्यू, उपसचिवज्यूहरु र प्रदेश प्रहरी प्रमुखज्यूलाई निर्देशन दिईयो । |
| **बैठक संख्या: ४८**<br>२०७६ पौष १४ | १. "सुशानको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" सम्बन्धी मिति २०७६ पुष ०१ गते सरोकारवालासँग गरिएको अन्तरक्रिया कार्यक्रमबाट आएका सुझावहरुलाई ग्रहण गरी विधेयकमाथि दफावार छलफल गरियो । |
| **बैठक संख्या: ४९**<br>२०७६ पौष १५ | १. "सुशानको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" सम्बन्धी मिति २०७६ पुष ०१ गते सरोकारवालासँग गरिएको अन्तरक्रिया कार्यक्रमबाट आएका उचित र आवश्यक सुझावहरुलाई ग्रहण गरी विधेयकमाथि दफावार छलफल गरी विधेयकको प्रतिवेदन बनाउने निर्णय गरियो । |
| **बैठक संख्या: ५०**<br>२०७६ पौष २१ | १. "सुशानको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"को प्रतिवेदन समितिको बैठकबाट सर्वसम्मतिले पारित गरी सभामा पेश गर्ने निर्णय गरियो । |
| **बैठक संख्या: ५१**<br>२०७६ माघ ०६ | १. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव, लेखा अधिकृत र प्रदेश लेखा नियन्त्रक कार्यालयका प्रमुखसँग प्रदेश नं. ५ को बजेट कार्यान्वयनको अवस्थाका बारेमा जानकारी लिई तपसील बमोजिमको निर्देशन सहितको सुझाव दिने निर्णय गरियो ।<br>(क) पूँजिगत खर्चमा सापेक्षित प्रगति भएपनि मन्त्रालयगत विकास खर्चमा कमी भएकोले यसलाई सुधार्न निर्देशन दिईयो ।<br>(ख) विभिन्न कारणले रोकिएका योजनाहरु यथासिघ्र कार्यान्वयन गर्न र बोलपत्र (Tender) आह्वान हुन नसकेका योजनाहरुको छिटो बोलपत्र (Tender) आह्वान गर्न निर्देशन दिईयो ।<br>(ग) बजेटका सबै कार्यक्रमहरु यथासिघ्र कार्यान्वयन गर्न र दबन्दी अनुसारको कर्मचारीहरु पदपूर्ति नभई दरबन्दी खाली रहेका ठाउँमा तत्काल कर्मचारीको व्यवस्था गर्न निर्देशन दिईयो । |

| | |
|---|---|
| | (घ) समितिले बोलाएको बैठकमा विभिन्न मन्त्रालयका सचिवहरु उपस्थिति नभएको हुँदा सम्बन्धित मन्त्रालयहरुलाई ध्यानाकर्षण गराईयो । |
| **बैठक संख्या: ५२**<br>२०७६ माघ ०७ | १. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव र शाखा अधिकृतसँग मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रमका बारेमा छलफल गरी तपसील बमोजिमको निर्देशन सहितको सुझाव दिने निर्णय गरियो ।<br>(क) मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम छनौट गर्दा स्पष्ट मापदण्ड निर्धारण गरी लक्षित वर्गलाई समेट्ने गरी जनताको आर्थिक जीवनस्तर उठ्ने खालका कार्यक्रम संचालन गर्नुपर्नेमा कतिपय ठाउँमा त्यस्तो हुन नसकेको देखिएकोले आ.व. २०७६।०७७ को कार्यक्रममा त्यस्ता वर्गहरुलाई समेट्ने गरी कार्यक्रम संचालन गर्नुपर्ने ।<br>२. गत आव २०७५।०७६ मा मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम लागु भएका स्थानहरुको अनुगमन गर्ने निर्णय गरियो ।<br>३. प्रत्येक जिल्लामा जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा जिल्ला व्यवस्थापन तथा समन्वय समिति रहने व्यवस्था छ । सो को सट्टामा प्रत्येक प्रदेश निर्वाचन क्षेत्रमा एउटा कार्यालय स्थापना गरी सोही क्षेत्रबाट प्रतिनिधित्व गर्ने प्रदेश सभा सदस्यको संयोजकत्वमा समिति गठन गरी कार्यक्रम संचालन गर्दा प्रभावकारी हुने र अनुगमन मुल्यांकन प्रणालीमा चुस्त दुरुस्त हुने विषय धेरै माननीय सदस्यज्यूबाट उठेकोले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग छलफल गर्ने निर्णय गरियो । |
| **बैठक संख्या: ५३**<br>२०७६ फागुन ०७ | १. गत आव २०७५।०७६मा "मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम" लागु भएका प्रदेश नं. ५ का जिल्लाहरु मध्ये पहिलो चरणमा तराईका ६ वटा जिल्लाहरुको सहितको २ समूह बनाई अनुगमन भ्रमणमा जाने निर्णय गरियो । |
| **बैठक संख्या: ५४**<br>२०७६ फागुन ३० | १. आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट बनेका, "संघ संस्था दर्ता सम्बन्धी नियमावली,२०७६", "प्रदेश पदक नियमावली,२०७६" र "प्रदेश प्रसारण नियमावली,२०७६" प्रत्यायोजित व्यवस्थापन अन्तर्गत भए नभएको बारेमा समितिका माननीय सदस्यज्यूहरुले अध्ययन गर्ने निर्णय गरियो ।<br>२. प्रत्यायोजित व्यवस्थापन अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट बनेका ऐन, नियम, निर्देशिका र कार्यविधिमाथि मन्त्रालयका मुख्यसचिवज्यूलाई समितिको अगामी बैठकमा आमन्त्रण गरी छलफल गर्ने निर्णय गरियो । |
| **बैठक संख्या: ५५**<br>२०७६ चैत्र ०२ | १. प्रत्यायोजित व्यवस्थापन अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट बनेका ऐन, नियम, निर्देशिका र कार्यविधिमाथि |

| | |
|---|---|
| | मन्त्रालयका मुख्यसचिवज्यू र कानून सचिवज्यूबाट जानकारी प्राप्त गरियो ।<br>२. प्रशासकीय कार्यविधि अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड समितिलाई उपलब्ध गराउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका मुख्यसचिव र कानून सचिवज्यूको ध्यानाकर्षण गराईयो ।<br>३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट बनेका ऐन, नियम, निर्देशिका र कार्यविधि प्रत्यायोजित व्यवस्थापन अन्तर्गत भए नभएको विषयमा समितिका माननीय सदस्यज्यूहरुले अध्ययन गर्ने निर्णय गरियो । |
| **बैठक संख्याः ५६**<br>२०७६ चैत्र ०३ | १. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट बनेका ऐन, नियम, निर्देशिका र कार्यविधि माथि समितिमा व्यापक छलफल गरियो । |
| **बैठक संख्याः ५७**<br>२०७६ चैत्र ०६ | १. मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रमका बारेमा बृहत्त छलफल गरियो । |
| **बैठक संख्याः ५८**<br>२०७७ वैशाख ०७ | १. सिमाक्षेत्रबाट लुकिछिपी छिटफुट मानिसहरु छिरिरहेको सुचना प्राप्त भएकोले सिमा क्षेत्रको सुरक्षा  व्यवस्थालाई अझ कडाइ गर्नु पर्ने ।<br>२. सीमा क्षेत्रवाट कोरोना महामारी फैलन नदिन कडाइ गरि यहि समयको उपभोग गरि सिमा क्षेत्रलाई सिल गर्ने सम्मको ब्यवस्था गर्ने ।<br>३. प्रदेश भित्र सम्पूर्ण स्वास्थ्य सामाग्री, मेडिसिनको प्रयाप्त उपलब्धता र कोरोना परिक्षणको कामलाई  ब्यापक बनाउनु पर्ने ।<br>४. दैनिक उपभोग्य बस्तुको नाममा सीमा नाका बाट भित्रने फलफुल, तरकारी, माछा, मासु बाट कोरोना फैलने उच्च जोखिम देखिएकोले त्यस्ता खाद्य पदार्थ आयातमा तुरुन्त रोक लगाउने ब्यवस्था गर्नु पर्ने ।<br>५. अहिले सडकमा घर फर्किन भनि हिडिरहेका जतिपनि मजदुरहरु छन उनिहरु विशुद्ध मजदुर मात्र नभई  कृषक पनि भएको उनिहरु मंसिरमा खेति लगाई मजदुर गर्न गएको गहु, तोरी, दाल लगायतका बालि भित्राउन तथा बर्षे खेतिको तयारीका लागि पनि फर्कने समय भएकोले उनिहरुलाई र्‍यापिड टेस्ट गरी यथासिघ्र घर फर्कन आवस्यक पहल गर्नु पर्ने ।<br>६. सम्बन्धित जिल्ला भित्र उत्पादन भएको तरकारी, माछा , मासु, फलफुल, सम्बन्धित उद्योग बाणिज्य संघ र स्थानिय तहसंग समन्वय गरि वितरण गर्न ब्यवस्था गर्नु पर्ने ।<br>७. भारतिय सिमामा १९। २० दिन भन्दा वढि क्वारेन्टाइमा बसेका कोरोना संक्रमण नभएका नेपालीलाई घर फर्काउन आवस्यक कदम चाल्ने ।<br>८. बर्षे खेति धान, मकै, लगायतका बालिहरु लगाउने समय भएकाले मल, विउको सहज उपलब्धता र अनुदान विषयमा गंभिरता पूर्वक सोचि विउ, मल सहजता पूर्वक उपलव्धता गराउन ब्यवस्था गर्नु पर्ने । |

| | |
|---|---|
| | ९. तराईमा नेपालको अन्न भण्डार र पहाड पलफुल र तरकारी उत्पादनको भण्डार हिमालि क्षेत्र पशुपालनमा अग्रणी भएकाले त्यस्ता किसानका उत्पादनलाई सम्बन्धित पालिकाले खरिद गरि सुपथ मुल्यमा विक्रि वितरण गर्ने ब्यवस्था मिलाउन सम्बन्धित पालिकाले पहल गर्ने आवस्यक परेको समयमा राहत वितरण समेत त्यसबाट गर्ने ब्यवस्था मिलाउने ।<br>१०. बन्दा बन्दिको समय अनिस्चित भएकोले अन्तराष्ट्रिय नाकालाई कडाइ गरी एक जिल्ला भित्र उत्पादीत फलफुल, तरकारी दुध लगायतका उत्पादनलाई सुरक्षित तरिकाले नजिगको अर्को जिल्लामा समेत पुर्याउने ब्यवस्था गरि आन्तारिक आवागमनलाई सहज बनाउने ।<br>११. हाल राहत वितरण गर्न हतार देखिएकोले मजदुर मुखि हुनु पर्नेमा सो नदेखिएको ले खास मजदुर पहिचान गरि राहात वितरणका कार्यक्रमलाई परिमार्जन गर्नु पर्ने ।<br>१२. प्रदेश सभा सदस्यलाई स्थानिय तहले गर्ने गति विधिमा अनिवार्य उपस्थितीको सुनिश्चितता गर्नु पर्ने ।<br>१३. सिमा क्षेत्रमा खटिएका स्वास्थ्यकर्मि सुरक्षाकर्मी अन्य कर्मचारीहरुलाई सेनिटाइजर पञ्जा माक्स छाता पिपिइ लगायतका समाग्री उपलब्ध गराउनु पर्ने ।<br>१४. मठ मन्दिर, मस्जिद र मदरसामा सरकारले विशेष निगरानी गर्नु पर्ने ।<br>१५. फ्रन्टलाइनमा बसेर कामगर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मीहरुलाई उच्चमनोवलका साथ काम गराउन आवस्यक प्रोत्साहनको ब्यवस्था गर्नुपर्ने ।<br>१६. भोक पहिलो प्राथमिकता भएकाले प्रदेश नं. ५मा भोक बाट कोहि पनि नमरुन भन्नका लागि सबैको सहकार्यको आवस्यकता भएकाले सरकारका तिनै तह संग समन्वय, सहकार्य र सहअस्थित्यको आधारमा काम गर्ने वातावरण मिलाउनु पर्ने । |
| **बैठक संख्याः ५९**<br>२०७७ वैशाख ०८ | १. प्रदेश सरकारले तयार गर्ने आगामी वजेटको सम्वन्धमा प्रारम्भिक छलफल गरीयो र आगामी वैठकमा प्रदेश सरकार ,प्रदेश योजना आयोग लगायतसँग छलफल अन्तर्क्रिया गरी बजेटको विषयमा सरकारलाई निर्देशन सुझाव दिने ।<br>२. प्रदेश मामिला तथा कानुन समितिको आगामी वजेट तथा कार्यक्रमको सम्वन्धमा प्रारम्भिक छलफल गरी प्रदेश सभा सचिवालयलाई सुझाव दिने । |
| **बैठक संख्याः ६०**<br>२०७७ वैशाख २५ | प्रदेश सरकारको हालसम्मको बजेट कार्यान्वयनको अवस्था र नयाँ बजेटको तयारीको अवस्थाका बारेमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को |

कार्यालयका प्रमुख सचिव, सचिव, महाशाखा प्रमुख र लेखा अधिकृतसँग छलफल गरी तपसील बमोजिमको आगामी आ.व. २०७७/०७८ को बजेट निर्माणका लागि आवश्यक निर्देशन सहितको सुझाव दिने निर्णय गरियो ।

**तपसील**

१. प्रदेश प्रहरी ऐन र प्रदेश निजामती सेवा ऐन तुरुन्त बनाई कार्यान्वयनमा ल्याउनु पर्ने ।
२. सीमा क्षेत्रको सुरक्षा व्यवस्थापनमा कडाई गर्नुपर्ने ।
३. विपद् व्यवस्थापन कोषको बजेट बढाउनु पर्ने ।
४. भौतिक पूर्वाधारसँग सम्बन्धित क्षेत्र र कृषि तथा औद्योगिक क्षेत्रमा काम गर्ने विदेशी श्रमिकको सट्टा स्वदेशी श्रमिक परिचालित हुने गरी तालिम तथा प्रशिक्षणको व्यवस्था गरी स्थानीय श्रमिकहरु परिचालित हुने नीति अवलम्बन गर्नुपर्ने ।
५. शैक्षिक तथा औद्योगिक तालिम, कार्यशाला गोष्ठी लगायतका कार्यक्रमहरु प्राविधिक जनशक्ति उत्पादनमा केद्रित गर्नुपर्ने ।
६. मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम विस्तार गर्नुपर्ने ।
७. संघिय सरकारले साना योजनाहरुमा पनि बजेट विनियोजन गर्ने प्रक्रियाको अन्त्य गर्नुपर्ने ।
८. एकिकृत बस्ती विकासको योजना बनाई खेतीयोग्य जमिन बचाउने र सम्पूर्ण खेतीयोग जमिन बाँझो राख्न नपाईने निती अवलम्बन गर्नुपर्ने ।
९. जनता आवासको कार्यक्रमलाई सुधार गरी घरको डिजाईन परिवर्तन गरी ४ कोठाको बनाउनु पर्ने र अन्य जातजातिका गरिबीको रेखामुनी रहेका जनताको लागि समेत व्यवस्था गर्नुपर्ने ।
१०. विकास योजना निर्माण गर्दा त्यसबाट प्राप्त हुने लाभांशको पनि राम्रो मुल्याङ्कन गर्नुपर्ने ।
११. योजना बनाउँदा भूगोल र जनसंख्या दुवैको सन्तुलन कायम गरी बनाउनु पर्ने ।
१२. कृषियोग्य जमिनमा सिँचाईका कार्यक्रमहरु विस्तार गर्न योजना बनाउनु पर्ने ।
१३. कृषि अनुदान सधै विवादित हुने र अनुदानबाट निश्चित समूहले मात्र फाइदा लिईरहेको अवस्थामा मल, बीउ तथा औषधिमा अनुदानको व्यवस्था गरी आम किसानले अनुदानको उपभोग गर्ने वातावरण बनाउनु पर्ने ।
१४. पशु, कुखुरा तथा माछा व्यवसायीहरुको लागि औषधिमा अनुदान तथा महामारीको बेला क्षतिपूर्तीको व्यवस्था गर्नुपर्ने ।

| | |
|---|---|
| | १५. कृषिमा आधारित साना उद्योगहरुलाई जोड दिनुपर्ने, कृषि उत्पादन र उद्योगहरुको उत्पादन सहकारीहरु मार्फत समायोजन गरी अन्तर जिल्ला, अन्तर प्रदेश खपतको योजना बनाउनु पर्ने ।<br>१६. तरकारी, फलफूल, माछा, मासु र खाद्यान्न सकेसम्म आन्तरिक रुपमा नै आत्मनिर्भर गर्ने गरी योजना बनाउनु पर्ने र आयात प्रतिस्थापन गर्नुपर्ने ।<br>१७. मकै र हाइब्रेट  धान लगायतका बीउ बीजन उत्पादनको योजना बनाउनु पर्ने<br>१८. पहाडको जमिनलाई त्यहाँको हावापानी अनुसार फलफूल तथा पशुपालनमा विशेष योजना बनाई व्यवस्थित गर्नुपर्ने ।<br>१९. वैदेशीक रोजगारीबाट फर्केका युवाहरुको अभिलेख तयार गरी उनीहरुको सीप र क्षमताको आधारमा सहुलियतपूर्ण ऋण उपलब्ध गरी कृषि व्यवसायी तथा अन्य उद्यम व्यवसाय गर्न प्रेरित गर्नुपर्ने ।<br>२०. स्वास्थ्य क्षेत्रको बजेट विस्तार गर्नुपर्ने र प्रदेश स्तरमा सरुवा रोग नियन्त्रण अनुसन्धान केन्द्रको स्थापना गर्नका लागि बजेट विनियोजन गर्नुपर्ने ।<br>२१. PCR तथा RDT परीक्षण प्रक्रिया व्यापक रुपमा विस्तार गर्नुपर्ने । |
| **बैठक संख्याः ६१**<br>२०७७ वैशाख २६ | १. प्रदेश सरकारको हालसम्मका योजनाहरुको अवस्था र नयाँ बजेट ( आ.व. २०७७/०७८) को निर्माणको तयारीको अवस्थाका बारेमा प्रदेश नं. ५ प्रदेश योजना आयोगका उपाध्यक्षज्यूसँग छलफल गरियो । |
| **बैठक संख्याः ६२**<br>२०७७ असार १० | १. समितिको आ.व. २०७६।०७७ को वार्षिक प्रतिवेदनको खाका २०७७ साउन पहिलो हप्तासम्म तयार गर्ने गरी समिति सचिवालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।<br>२. समितिको कार्यविधिलाई आवश्यक परिमार्जित गर्ने निर्णय गरियो ।<br>३. आगामी बैठकमा आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट Covid-19 (कोरोनो भाईरस) को रोकथाम, नियन्त्रण तथा उपचारका लागी बनेका कार्यविधि (संघ र प्रदेशको), बजेट र हालसम्मको प्रगती विवरणको जानकारी सहित आन्तरिक मामिला तथा कानून मन्त्री, मन्त्रालयका सचिव र लेखा अधिकृतलाई आमन्त्रण गरी प्रदेश नं. ५ का क्वारेन्टिन, होल्डिङ्ग सेन्टर र आइसोलेशन सेन्टरको संचालनको अवस्थाका बारेमा छलफल गर्ने निर्णय गरियो ।<br>४. प्रदेश नं. ५ का रुपन्देही र कपिलवस्तु जिल्ला Covid-19 (कोरोनो भाईरस) बाट अत्याधिक रुपमा प्रभावित भएको हुँदा सोही जिल्लाका विभिन्न ठाउँमा रहेका क्वारेन्टिन, होल्डिङ्ग सेन्टर र आइसोलेशनको हालसम्मको अवस्थाका बारेमा स्थलगत अनुगमन गरी प्रमुख जिल्ला अधिकारीसँग छलफल एवं अन्तरक्रिया गर्ने गरी माननीय सदस्यज्यूहरु |

| | |
|---|---|
| | सहितको २ समूह बनाई संसदीय अनुगमन भ्रमणमा जाने निर्णय गरियो । |
| **बैठक संख्याः ६३**<br>२०७७ असार १३ | १. माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री कुल प्रसाद के.सी.ज्यू र मन्त्रालयका सचिव श्री रविलाल पन्थज्यूसँग प्रदेश नं. ५ मा Covid-19 (कोरोना भाईरस) को रोकथाम, नियन्त्रण र उपचारका लागि बनाईएका Quarantine, Holding center, Isolation center को संचालनको अवस्थाका बारेमा छलफल गरी तपसील बमोजिमको निर्देशन सहितको सुझाव आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई दिने निर्णय गरियो ।<br>(क) Quarantine को अवस्था भद्रगोल भई एकैपटक २४/२५ जनालाई PCR रिर्पोट Positive देखिनु भनेको Quarantine मा भौतिक दूरी कायम हुन नसक्नु र पूर्ण रुपमा सुरक्षा व्यवस्था अपनाउन नसक्नु नै हो अतः यसलाई व्यवस्थित तथा सुधार गर्न निर्देशन दिईयो ।<br>(ख) २०७६ चैत्र महिना देखि हालसम्म भारतीय सीमानाका तथा अन्य मुलुकबाट आएका मानिसहरुको विवरण समितिलाई उपलब्ध गराउन निर्देशन दिईयो ।<br>(ग) प्रदेश नं. ५ मा संचालित ४ वटा कोरोना अस्पतालहरुलाई यथासिघ्र शव बाहन उपलब्ध गराउन र जिल्लामा रहेका सम्पूर्ण एम्बुलेन्सहरुलाई कुनै पनि बहाना विना विरामी बोक्न निर्देशित गर्नका लागि निर्देशन दिईयो ।<br>२. गत आ.व. २०७५।०७६ तथा आ.व. २०६७।०७७ मा "मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम" लागु भएका प्रदेश नं. ५ का दाङ र नवलपरासी जिल्लाहरुको माननीय सदस्यज्यूहरु सहितको २ टोली बनाई संसदीय अनुगमन भ्रमणमा जाने निर्णय गरियो । |
| **बैठक संख्याः ६४**<br>२०७७ असार २० | १. प्रदेश नं ५, प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि दफावार छलफल गरियो ।<br>२. संसदीय अनुगमनसमितिले तयार पारेको कपिलवस्तु र रुपन्देही जिल्लाको covid-19 को अनुगमन प्रतिवेदनलाई छलफल गरियो । |
| **बैठक संख्याः ६५**<br>२०७७ असार २१ | १. प्रदेश नं ५, प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकको प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।<br>२. संसदीय अनुगमनसमितिले तयार पारेको कपिलवस्तु र रुपन्देही जिल्लाको covid-19 को अनुगमन प्रतिवेदनलाई परिमार्जन सहित पारित गरियो । |

## २.२. उप समितिको गठन र कार्य

आ.व.२०७६।०७७ मा समितिले "सुशानको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विज्ञसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गर्नको लागि माननीय श्री भोज प्रसाद श्रेष्ठज्यूको संयोजकत्वमा, माननीय श्री रमा अर्याल र समिति सचिव श्री सीता घिमिरे सदस्य रहने गरी जम्मा एक वटा उपसमिति गठन गरेको थियो र सो उपसमितिले निम्नानुसारको कार्यक्रम सफलता पूर्वक सम्पन्न गरेको थियो ।

प्रदेश मामिला तथा कानून समितिको मिति २०७६ मंसिर २४ गते बसेको बैठकको निर्णयानुसार "सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"माथि विज्ञ तथा सरोकारवालासँग छलफल एवं अन्तरक्रिया कार्यक्रम गर्ने निर्णय भएसँगै माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूको प्रमुख आतिथ्यता र प्रदेश मामिला तथा कानून समितिका माननीय सभापति दामा कुमारी शर्माज्यूको अध्यक्षतामा प्रदेश मामिला तथा कानून समितिका माननीय सदस्यज्यूहरु र विषय विज्ञ र सरोकारवालाहरुसँग छलफल कार्यक्रम मिति २०७६ साल पौष १ गते गरिएको थियो ।

"सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न विधेयक"ले पूर्णता पाई सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी एवं सहभागितामूलक बनाई त्यसको प्रतिफल जनतालाई उपलब्ध गराउन, कानूनको शासन कायम गरी सर्वसाधरणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट पाउने अवस्था सिर्जना गर्न, सुशासन पाउने नागरिक अधिकार सुनिश्चित गर्न, विकास प्रशासनलाई गुणस्तरीय, नतिजामूलक र अनुमानयोग्य बनाउन तथा प्रशासन संयन्त्रलाई प्रदेश सरकारको कार्यसम्पादनको महत्वपूर्ण र जिम्मेवार संयन्त्रको रुपमा विकास गर्न आवश्यक भएकोले सुशासनको प्रत्याभूति गर्ने कार्यक्रमको मुख्य उद्देश्य रहेको थियो ।

उक्त कार्यक्रममा समितिका सदस्य माननीय श्री रमा अर्यालज्यूले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो भने माननीय श्री भोज प्रसाद श्रेष्ठज्यूले विषय वस्तुमाथि प्रकाश पार्नु भएको थियो । त्यसै गरी पूर्व प्रशासक श्री टीकाराम घिमिरेज्यूले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो र लुम्बीन बौद्ध विश्वविद्यालय, बुटवलका डिन डा. वेद प्रसाद गिरी र लुम्बिनी वाणिज्य क्याम्पस, बुटवलका क्याम्पस प्रमुख डा. तारानाथ प्रसाद उपाध्यायले टिप्पणी प्रस्तुत गर्नु भएको थियो ।

टिप्पणी प्रस्तुत गरी सकेपछि अन्तरक्रिया तथा छलफलमा भाग लिने सम्पूर्ण सहभागी तथा सरोकारवालाहरुका सुझावहरुमध्ये उचित र आवश्यक सुझावहरुलाई समितिको बैठकमा दफावार छलफल गरी विधेयकमा समेटेर विधेयकलाई पूर्णता दिई सभामा पेश गरिएको थियो ।

## २.३. विधायन सम्बन्धी भएका समितिका मुख्य कार्य विवरणहरु

यस आ.व.मा समितिमा प्राप्त विधेयक संख्याः२ रहेकोमा विधेयकहरुमाथि दफावार छलफल सहित प्रतिवेदन तयार गरी सभामा पेश भएको र पारित भएको भने निम्न बमोजिमका माननीय सदस्यज्यूहरुले विधेयकमाथि दफावार छलफलका लागि संशोधनको सूचना दिनु भएको थियो ।


| क्र.सं. | विधेयकको नाम | जम्मा संसोधन | संसोधन कर्ता मा. सदस्य |
|---|---|---|---|
| १. | प्रदेश नं. ५, सूचना तथा संचार प्रविधि प्रतिष्ठानको स्थापना तथा संचालन सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयकको | - | |
| २. | सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | - | |
| ३. | प्रदेश नं ५, प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक | १ | माननीय इन्द्र प्रसाद खरेल |

## परिच्छेद-३

## निर्णय/निर्देशन कार्यान्वयन सम्बन्धी

### ३.१ निर्णय/निर्देशन कार्यान्वयनको अवस्था:

यस समितिले दिएका निर्देशन कार्यान्वयको अवस्थालाई वृत्त चित्रमा निम्नानुसार देखाइएको छः




### ३.२ निर्णय/निर्देशन कार्यान्वयनको समस्या

- संविधानमा व्यवस्था भए बमोजिम प्रदेश प्रहरी ऐन, प्रदेश निजामती सेवा ऐन जस्ता महत्वपूर्ण कानूनहरु निर्माणमा ढिलाई भएको ।
- प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बन्ने नियम, निर्देशिका र कार्यविधि तथा सरकारी आश्वासन व्यवस्थापन प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको ।
- सार्वजनिक महत्व तथा जनसरोकारका विषयमा उठेका प्रश्नको जवाफ तथा स्पष्टीकरण नियमावली बमोजिम उपयुक्त समयमै दिनु पर्ने व्यवस्थालाई अझ प्रभावकारी बनाउन आवश्यक भएको ।
- समिति र सरकारबीच सहज समन्वयको अभाव ।

## परिच्छेद-४

## कार्य सम्पादनका समस्या

### ४.१. समितिको कार्य सम्पादनमा देखिएका समस्या

- प्रदेश निजामति सेवा ऐन बनिनसकेकोले प्रदेश कर्मचारी व्यवस्थापन पूर्ण हुन नसक्दा समितिमा समितिका कर्मचारीहरु नभएकोले सचिवालयका कर्मचारीहरुबाट काम गर्नुपर्ने बाध्यता रहेको ।
- प्रत्यायोजित विधायन र सरकारी आश्वासन सम्बन्धमा प्रयाप्त काम हुन नसकेको ।
- कानून निर्माण पछिको जाँच परीक्षण (Post Legislative Scrutiny) सम्बन्धमा थालनी हुन सकेको छैन ।
- समितिको काम कारबाहीलाई प्रविधिमैत्री (Digitalized) बनाउन सकिएको छैन ।
- रुची र ज्ञानको आधारमा समितिका कर्मचारीहरुको उपयुक्त व्यवस्थापन हुन नसकेको ।
- समिति र समितिमा कार्यरत कर्मचारीलाई अध्ययन/भम्रण, अन्तरक्रिया/छलफल लगायतका कार्यक्रमका लागि प्रयाप्त बजेटको व्यवस्था हुन सकेको छैन ।
- समितिका माननीय सदस्यहरु तथा कर्मचारीहरुका लागि आवश्यक वैदेशिक भ्रमण/अध्ययन/तालिम उपलब्ध हुन सकेको छैन ।
- माननीय सदस्यहरुको समितिको काम कारवाहीलाई नियमित र प्रभावकारी बनाउन बैठक कार्यविधि र आचार संहिताको पालना पूर्ण रुपले गर्न गराउन नितान्त आवश्यक रहेको ।
- समितिमा छुट्टै बजेटको व्यवस्था नभएको ।

## परिच्छेद-५

## निष्कर्ष, सुझाव तथा सिफारिस

### ५.१ निष्कर्ष

सिमित साधन स्रोत, अनुभवको कमि तथा Covid-19 ले सृजना गरेको विविध चुनौतीका वावजुद समितिले आफ्ना गतिविधिहरुलाई प्रभावकारी रुपमा अगाडि बढाउने प्रयत्न गरेको छ। प्रदेस सभाबाट समितिमा प्राप्त विधेयकहरू माथि समितिका माननीय सदस्यहरु, संसोधन कर्ता मा. सदस्यहरु र आवश्यकता अनुसार सरोकारवालाहरुसँग समेत छलफल गरी आवश्यक सुझावहरु लिई समितिले सर्वसम्मतरुपमा सभामा प्रतिवेदन प्रस्तुत गर्ने गरेको छ।

कानून निर्माण सम्बन्धी नीतिगत र व्यवहारिक प्रशिक्षणको माध्यमबाट प्रदेश सभाका सदस्यहरुमा कानून निर्माणको क्षेत्रमा क्षमता अभिवृद्धि गर्ने प्रयास गरिएको छ। विधेयकहरुमा गहिरो अध्ययन गरी आवश्यकताका आधारमा परिमार्जन गर्ने र ऐन अन्तर्गत बन्ने निवयमावली र निर्देशिकाहरु समेत कानून सरहका हुने हुँदा त्यसमा समेत विशेष ध्यान पुऱ्याउने र धेरै कुराको सम्बोधन ऐन मार्फत नै हुने गरी कानून निर्माणमा जोड दिइएको छ। यसमा सम्पूर्ण माननीय सदस्यहरुको अझबढी सक्रिय सहभागीताको महसुस गरिएको छ।

यसरी नै संसदिय निगरानीमा समितिको कार्यक्षेत्र अन्तर्गतका मन्त्रालय र आवश्यकता अनुसार अन्य निकायहरुसँग पटक पटक समितिमा नै छलफल गरी आवश्यक सुझाव र निर्देशन दिने गरिएको छ। यसमा मुख्यत बजेट निर्माण, प्रभावकारी कार्यान्वयन, रोजगारी सृजना र आत्मनिर्भरताको विषयलाई विशेष जोड दिइएको छ। सँगसँगै संघिय शासन प्रणालीको मान्यता अनुरुप जनतालाई छिटोछरितो सर्वशुलभ सेवा प्रदान गर्ने कुरामा पनि ध्यानाकर्षण गराएका छौं। जसको फलस्वरूप सुशासन ऐन निर्माण भइ कार्यान्वयनमा गएको छ। यसरी नै संसदीय निगरानी अन्तरगत आवश्यकता अनुसार जनताको बीचमा नै पुगेर अध्ययन अनुगमन गर्ने गरिएको छ।

प्रदेश सरकारको काम कार्यवाहीको निगरानी गर्ने क्रममा समिति चनाखो भएर लागेको तथा प्रदेश सरकारका हरेक क्रियाकलापको अनुगमन तथा सकारात्मक र नकारात्मक कुराको लेखाजोखा गरी सदनमा प्रश्न उठाउने समेत गरेको छ जसको कारण प्रदेश सभाको संसदीय अभ्यासमा समेत सकारात्मक प्रभाव पर्दै गएको देखिन्छ। आगामी दिनहरुमा प्रदेश सरकारका कार्यको अनुगमन र मुल्याङ्कन मात्रै नभई संविधान र ऐन कानूनको कसीमा परीक्षण गरी सरकारको कार्यमा प्रभावकारिता ल्याउन समेत सहयोगी भूमिका खेल्ने छ।

गत आवको पछिल्लो चरणमा विश्वव्यापी रूपमा फैलिएको कोरोना महामारी नियन्त्रणको लागि सरकारलाई सिमाक्षेत्रबाट भैरहेको लुकिछिपी प्रवेश नियन्त्रण गर्नु पर्ने, सीमाक्षेत्रमा सुरक्षा निगरानी बढाउनु पर्ने, वैदेशिक रोजगारीबाट फर्किएकाहरुलाई यहि रोजगारी सृजना गर्नु पर्ने लगायतका निर्देशन तथा सुझावहरु दिइएको थियो।

कोरोना अवधिको सुरुवाती चरणमा भारतबाट नेपाल फर्किएका श्रमिकहरु देशमा रोजगारीको सम्भावन नभएको हुँदा हाल भारतमा कोरोना महामारीले विस्फोटक रुप लिइरहेको अवस्थामा पुनःभारततर्फ गैरहेको खबरले हामी गम्भीर भएका छौं । सरकारले अन्य हिसाबले Covid-19 को रोकथाम, नियन्त्रण गर्न सन्तोष जनक भूमिका खेलेको भएतापनि भारततर्फ गैरहेका श्रमिकहरुलाई रोक्नका लागि रोजगारीको सिर्जना गरी गम्भिर समिक्षाका साथ आगामी दिनमा समेत Covid-19 को रोकथाम गर्नको लागि महत्वपूर्ण भूमिका खेल्नका लागि समितिले सरकारलाई आवश्यक सल्लाह, सुझाव र सहयोग पुऱ्याउनुका साथै हरेक काम छिटो छरितो गर्न समितिले दिएको निर्देशन समयमै कार्यान्वन हुने अपेक्षा गरिएको छ ।

## ५.२ सुझाव तथा सिफारिस

- प्रदेशको स्थायी राजधानी नतोकिएकोले स्थाई संरचनाको लागि आवश्यक भौतिक पूर्वाधार निर्माणमा ढिलाई भएको ।
- समितिको प्रतिवेदनमा दिईएका सुझाव अनुरुप Covid-19 को रोकथाम, नियन्त्रण सुधार हुनुपर्ने ।
- बजेट तथा कार्यक्रम समयमै सम्बन्धित निकायमा पुगोस र कार्यन्वयन प्रक्रिया अगाडि बढोस भन्ने उद्देश्यले संविधानमा नै बजेट पेश हुने कार्यतालिका राखिए तापनि कार्यान्वय प्रक्रिया पुरानै शैलीमा भएकोले सो सम्बन्धमा विशेष ध्यान दिई कार्यान्वयन गर्नुपर्ने ।
- मानव अधिकार, सुशासन र प्रदेशको शान्ति सुरक्षाका लागि प्रदेशले आवश्यक सुरक्षा संयन्त्रहरु खडा गरी तत्काल अपराधिक घटनाहरुलाई न्युनिकरण गर्ने गरी जनतालाई सुरक्षाको प्रत्याभूति गराउनु पर्ने ।
- प्रदेश भित्रका स्थानीय तहमा कानून निर्माण लगायत तोकिएका मुद्दाहरुको मेलमिलापबाट निरुपण गर्ने अधिकार दिइएको भएपनि दक्ष कर्मचारीको अभावमा प्रभावकारी हुन नसकेकोले १०९ वटै तहमा कानून अधिकृतहरुको व्यवस्था हुनुपर्ने ।
- प्रदेश सभामा बारम्बार उठ्ने गरेका जनतासँग प्रत्यक्ष रुपमा सरोकार राख्ने मल, बीउ जस्ता विषयहरु संघीय सरकारको मातहतमा रहेको कारण प्रदेश सरकारले जवाफ दिन नसक्ने अवस्था देखिन्छ । जनसरोकारसँग जोडिएका यस्ता महत्वपूर्ण विषयहरु प्रदेश सरकारको मतहत सञ्चालन गर्नको लागि व्यवस्था गर्नुपर्ने ।
- मन्त्रालयले विधेयक मस्यौदा निर्माण प्रक्रियामा प्रदेशका सरोकारवाला तथा जनतासँग अन्तरक्रियात्मक कार्यक्रम गरी सुझाव लिनुपर्ने ।

- कानूनी निर्माण पछिको जाँच परीक्षण (Post Legislative Scrutiny) को थालनी गरी आवश्यक अध्ययन अनुसन्धान मार्फत कानून को प्रभावकारी कार्यान्वयनलाई जोड दिनुपर्ने ।
- ऐन निर्माण पछि प्रत्यायोजित व्यवस्थापन अन्तरगत बनेका नियम, निर्देशिका, कार्यविधि विधायिकी मनसाय अनुरुप बने नबनेको विषय सन्दर्भमा यस समितिमा जानकारी हुनुपर्नेमा हालसम्म कुनै मन्त्रालय वा निकायबाट सोको जानकारी प्राप्त हुन नसकेकोले अविलम्ब जानकारी गराउनु पर्ने ।
- सरकारी आश्वासन र प्रतिबद्धता कार्यान्वयन प्रति मन्त्रालयहरु पूर्ण जवाफदेही हुन नसकेकोले जवाफदेही हुनुपर्ने र प्रतिवद्धताहरु पुरा गरी जनतालाई आस्वस्त तुल्याउनु पर्ने ।
- समितिका माननीय सदस्यहरुलाई कानून निर्माण (Law Making Process) का सम्बन्धमा नियमित रुपमा विज्ञहरुसँग अन्तरक्रिया गराउनु पर्ने वातावरणको विकास गर्नुपर्ने,
- समितिलाई वैदेशिक अध्ययन/भ्रमण, अन्तरक्रिया/छलफल लगायतका कार्यक्रमका लागि प्रयाप्त बजेटको व्यवस्था हुनुपर्ने ।
- संसदीय अध्ययन अनुसन्धानमा विशेष जोड दिई समितिको गतिविधिसँग सम्बन्धित पुराना अभिलेखहरुलाई व्यवस्थित गर्नुपर्ने ।
- समिति बैठककक्ष र सचिवालयलाई आधुनिक प्रविधियुक्त बनाउनु पर्ने ।
- संसदीय समितिको काम कारवाहीलाई प्रभावकारी बनाउन सचिवालयमा कार्यरत सम्पूर्ण कर्मचारीलाई नियमित रुपमा क्षमता अभिवृद्धिका कार्यक्रममा अनिवार्य सहभागिता गराउनुपर्ने ।
- मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमलाई थप व्यवस्थित बनाउनको लागि समितिको प्रतिवेदनमा दिईएका सुझाव अनुरुप कार्य गर्नुपर्ने ।

## अनुसूचीहरु

## अनुसूची-१ : समितिको कार्यविधि र विधेयक सम्बन्धी प्रतिवेदनहरु

## अनुसूची १ (क) समितिको कार्यविधि

### प्रदेश मामिला तथा कानून समितिको कार्यविधि, २०७७

**प्रस्तावना:** प्रदेश मामिला तथा कानून समितिको कार्यलाई व्यवस्थित, प्रभावकारी र मर्यादित बनाउनका लागि संशोधन तथा एकीकरण गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १९३ तथा प्रदेश नं. ५ को प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ को उपदफा (६) बमोजिम प्रदेश मामिला तथा कानून समितिले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रदेश मामिला तथा कानून समितिको कार्यविधि,२०७७" रहेको छ ।

(२) यो कार्यविधि समितिले पारित गरेको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "नियमावली" भन्नाले प्रदेश सभा नियमावली, २०७४ सम्झनुपर्छ ।

(ख) "समिति" भन्नाले प्रदेश नं. ५ को प्रदेश मामिला तथा कानून समितिलाई सम्झनु पर्छ ।

(ग) "उप-समिति" भन्नाले समितिको बैठकबाट गठन गरिएको उप-समिति सम्झनु पर्छ ।

(घ) "बैठक" भन्नाले समितिको बैठक सम्झनु पर्छ र सो शब्दले समितिद्वारा गठित उपसमिति वा कार्यदलको बैठक समेतलाई जनाउँछ ।

(ङ) "सभापति" भन्नाले प्रदेश मामिला तथा कानुन समितिको सभापति सम्झनु पर्छ र सो शब्दले सभापतिको अनुपस्थितिमा समितिको सभापतिको रुपमा काम गर्न सभापतिले तोकेको सदस्यलाई समेत जनाउँछ ।

(च) "सदस्य" भन्नाले प्रदेश नं. ५ को प्रदेश मामिला तथा कानून समितिको सदस्यलाई सम्झनु पर्छ।

(छ) "समितिको कार्यविधि" भन्नाले प्रदेश मामिला तथा कानून समितिको कार्यविधि सम्झनुपर्छ ।

(ज) "सचिव" भन्नाले प्रदेश सभा नियमावली २०७४ को नियम १६१ को उपदफा (३) बमोजिम प्रदेश मामिला तथा कानुन समितिको काम गर्न खटाइएको अधिकृत कर्मचारी सम्झनु पर्छ ।

३. **समितिको बैठकः** समितिको बैठक आवश्यकतानुसार सभापतिले बोलाउनेछ ।

४. **बैठकको कार्यसूचीः** सामान्यतया पछिल्लो बैठकको कार्यसूची अघिल्लो बैठकमा नै निर्धारण हुनेछ । त्यसरी निर्धारण हुन नसकेको अवस्थामा सभापतिको निर्देशनमा सचिवले कार्यसूची तयार पारी सदस्यहरुलाई जानकारी गराउनेछ ।

५. **उपस्थितिः** बैठकमा उपस्थित सदस्यहरुले वर्णानुक्रमानुसार निर्णय पुस्तिकामा उल्लेखित आफ्नो नामको पछाडी दस्तखत गरी उपस्थिति जनाउनुपर्नेछ ।

६. **बैठकको प्रारम्भ र अन्त्यः** सभापतिले प्रत्येक बैठकको प्रारम्भ र अन्त्यको घोषणा गर्नेछ ।

७. **बैठकको संचालन, समय व्यवस्थापन र छलफलः** (१) बैठकको सञ्चालन, समय व्यवस्थापन र छलफल सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) बैठकको सभापतित्व सभापतिबाट हुनेछ ।

(ख) प्रदेश सभा नियमावली, २०७४ को नियम १५४ बमोजिम समितिको गणपुरक संख्या समितिको सम्पूर्ण सदस्य संख्याको एक चौथाई हुनेछ ।

(ग) बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ । सर्वसम्मत हुन नसकेमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय समितिको निर्णय मानिनेछ र मत बराबर भएमा सभापतिले निर्णायक मत दिनेछ ।

(घ) कुनै पनि सदस्यले छलफलमा भाग लिन वा प्रश्न सोध्न सभापतिको अनुमति लिनु पर्नेछ ।

(ङ) बैठकको शुरुमा नै कार्यसूचीमा परेका विषयवस्तुको प्रकृति र महत्वलाई ध्यानमा राखी बैठकको समयावधि निर्धारण गरिनेछ । आवश्यकता अनुसार सदस्यहरुले बोल्ने समयको निर्धारण गरी छलफल गरिनेछ र छलफलमा भाग लिने सदस्यले छलफलको विषयमा केन्द्रित रही निर्धारित समयभित्र आफ्नो विचार पालै - पालो राख्नुपर्नेछ ।

(च) विशेष कारणवश सभापतिलाई सूचना दिएको अवस्थामा बाहेक बैठक प्रारम्भ भएपश्चात् अन्त्य नभएसम्म सदस्यहरु बैठकमा उपस्थिति रहनु पर्नेछ ।

(छ) बैठकको विषय वस्तुमा केन्द्रित रहन र बैठकलाई मर्यादित तुल्याउन मोवाइल वा संचार सेटलाई आफ्नो अनुकुल व्यवस्थापन गर्नु सवैको कर्तव्य हुनेछ ।

(ज) विशेष कारण परेको अवस्थामा बाहेक सभापति आफ्नो आसन बाट नउठे सम्म अन्य सदस्य वा कर्मचारीहरु उठ्नुहुदैन र बाहिर जानु परेको अवस्थामा सभापतिको स्वीकृति लिएर जानु पर्नेछ ।

(झ) बैठक व्यवस्थापन र संचालनका सम्बन्धमा सभापतिको निर्णय अन्तिम हुनेछ ।

८. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) समितिको काम, कर्तव्य र अधिकार प्रदेश सभा नियमावली, २०७४ को १५१ बमोजिम हुनेछ ।

(२) प्रदेश सभा नियमावलि, २०७४ को नियम १५१ बमोजिम यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः

(क) आफ्नो कार्यक्षेत्र भित्र पर्ने मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, आयोग र निकायसँग सम्बन्धित विधेयक उपर दफावार छलफल गरी सो सम्बन्धी प्रतिवेदन पेश गर्ने ।

(ख) प्रदेश भित्र शासन व्यवस्था,सुशासनको अवस्था ,लगायत मानव अधिकारको अवस्थाको बारेमा विभिन्न मन्त्रालय,आयोग र निकायलाई आवस्यक निदेशन दिने ।

(ग) प्रदेश भित्र कानून न्याय, शान्ती सुरक्षा, सुव्यवस्था, सुशासन तथा प्रदेश प्रहरी व्यवस्थापन र यस्तै क्रियाकलाप र प्रदेश कानुन कार्यान्वयनको अवस्थाको बारेमा सम्वन्धित मन्त्रालय, निकाय वा आयोगसँग छलफल गरी आवस्यक राय परामर्श र निर्देशन दिने ।

(घ) प्रदेश भित्र विपद व्वस्थापनको लागि पुर्व तयारी ,विपद भइसकेपछिको अवस्था बारेमा सम्वन्धित निकायसँग छलफल गरी आवस्यक निर्देशन दिने ।

(ङ) प्रदेश मन्त्रालय, विभाग र अन्तर्गतका निकायको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरू यस्तै क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने ।

(च) मन्त्रीले सरकारको तर्फबाट बैठकमा समय-समयमा दिएका आश्वाशनलाई पूरा गर्न प्रदेश सरकारद्वारा के-कस्ता कदम उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने ।

(छ) प्रदेश सभाद्वारा प्रत्यायोजित अधिकार अन्तर्गत बनाइएको नियम संविधान, सम्बन्धित ऐन, प्रचलित कानून बमोजिम वनेको छ वा छैन र प्रदेश सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप काम भए गरेको छ वा छैन भन्ने विषयमा मुल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने ।

(ज) प्रदेश सरकारद्वारा समय-समयमा गठन हुने छानबिन आयोग , समिति र जाँचबुझ आयोग र समितिद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने ।

(झ) प्रदेश मन्त्रालय, विभाग र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने ।

(ञ) बैठकले सुम्पेको अन्य काम गर्ने ।

(ट) समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने ।

**९. सभापतिको काम, कर्तव्य र अधिकारः**

(क) समितिको बैठक बोलाउने तथा बैठकको अध्यक्षता गर्ने,

(ख) प्रदेश सभा नियमावलीले प्रदान गरेको अधिकार प्रयोग गर्ने,

(ग) निर्णय भएका विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउने,

(घ) समितिको तर्फबाट अन्य निकायसँग हुने काम, कारवाहीमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

(ङ) समितिलाई नेतृत्व प्रदान गर्ने,

(च) प्रचलित ऐन, नियम बमोजिम तोकिएका कार्यहरु गर्ने ।

**१०. सदस्यको काम, कर्तव्य र अधिकारः**

(क) समिति तथा उप-समितिको बैठकमा सहभागिता जनाउने, छलफलमा भाग लिने, विषयमा राय प्रस्तुत गर्ने,

(ख) आफूलाई प्रदान गरिएको जिम्मवेवारी रचनात्मक तथा सृजनात्मक तरिकाबाट निर्वाह गर्ने,

(ग) सभापति तथा उप-समितिको संयोजकले तोकेको अन्य कार्य गर्ने,

(घ) समिति, उप-समितिको काम प्रभावकारी रुपमा सम्पन्न गर्न दत्तचित्त भई कार्य गर्ने,

(ङ)	समिति, उप-समितिले गर्नुपर्ने कामको सन्दर्भमा योजना बनाई समिति तथा उप-समितिको बैठकमा पेश गर्ने,

(च)	आफूलाई प्रदान गरिएका जिम्मेवारी तथा कामको विवरण समिति तथा उप-समितिको बैठकमा राख्ने ।

(छ)	सभापति तथा उप-समितिको संयोजकलाई सहयोग गर्ने,

(ज)	समिति तथा उप-समितिबाट भएका कामका सन्दर्भमा सभापति र संयोजकबाट जानकारी लिने ।

११. <u>**बैठकमा भाग लिन सक्ने**</u>**:** प्रदेश सभाको कुनै सदस्यले समितिको बैठकमा भाग लिन चाहेमा सभापतिको स्वीकृति लिई सहभागी हुन सक्नेछ । तर यस्तो सदस्य र आमन्त्रित सदस्यलाई समितिमा मताधिकार हुने छैन् ।

१२. <u>**परामर्श लिन सक्ने**</u>: समितिले अध्ययनको क्रममा सम्वन्धित पक्ष, विभिन्न विषयका विज्ञ तथा सरोकारवाला प्रतिनिधिहरुलाई समितिमा आमन्त्रण गरी आवश्यक परामर्श तथा सुझाव लिन सक्नेछ।

१३. <u>**सहयोग पुर्याउनु पर्ने**</u>: समितिको बैठक संचालनमा समितिका सबै सदस्यहरुले सभापतिलाई सहयोग गर्नुपर्नेछ ।

१४. <u>**कागजात झिकाउन वा कुनै पदाधिकारी वा व्यक्तिलाई उपस्थित गराउन सक्ने**</u>:(१) समितिले आफ्नो कार्यक्षेत्रसंग सम्वन्धित कामको निमित्त आवश्यक कुनै कागजात झिकाउन वा कुनै विषयमा छलफल गर्न वा स्पष्टीकरण सोध्न कुनै व्यक्ति वा निकाय वा पदाधिकारीलाई उपस्थित गराउन सक्नेछ ।

(२) यसरी उपस्थित गराइएको व्यक्ति वा पदाधिकारीबाट समितिले आवश्यक जानकारी लिन सक्नेछ ।

(३) समितिले आफ्नो कार्यक्षेत्रसंग सम्वन्धित विषयमा आवश्यक कागजात, सूचना, तथ्यांक वा अन्य सन्दर्भ सामग्रीहरु माग गरेमा सो कागजात, सूचना, तथ्यांक वा अन्य सन्दर्भ सामग्री सम्वन्धित निकाय वा पदाधिकारी वा व्यक्तिले समितिमा निर्धारित समयभित्रै पेश गर्नुपर्नेछ ।

(४) समितिले आफ्नो कार्यक्षेत्रसंग सम्वन्धित निकाय वा पदाधिकारी वा व्यक्तिलाई निर्देशन दिन, स्पष्टीकरण सोध्न र कारवाही गर्न सिफारिश समेत गर्न सक्नेछ ।

१५. **संसदीय निगरानी अनुगमन तथा अध्ययन भ्रमणः** समितिको कार्यसम्पादनको सिलसिलामा समितिका सदस्यहरुले प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ बमोजिम कुनै स्थानको स्थलगत अनुगमन निगरानी वा अध्ययन भ्रमण गर्न सक्नेछन् ।

१६. **कार्यसूची र कागजात उपलब्ध गराउनेः** समितिको विषयसंग सम्वन्धित कागजात, सूचना वा जानकारी समितिका सदस्यलाई सचिवले उपलब्ध गराउनेछ ।

१७. **विधेयकको दफावार छलफलः** (१) समितिको कार्यक्षेत्रसंग सम्वन्धित मन्त्रालयबाट पेश भएको विधेयक प्रदेश सभाको बैठकबाट समितिमा दफावार छलफलको लागि प्राप्त भएमा त्यस्तो विधेयकमाथि समितिमा दफावार छलफल हुनेछ ।

(२) समितिको बैठकमा विधेयकमाथि दफावार छलफल गर्दा विशेषज्ञ वा सरोकारवाला वा संसोधनकर्ता सदस्यलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) विधेयक माथि दफावार छलफल समाप्त भएपछि सो सम्वन्धी प्रतिवेदन तयार गरी प्रदेश सभामा पेश गरिनेछ ।

१८. **उपसमिति गठन गर्न सक्नेः** (१) समितिले सम्पादन गर्नुपर्ने कुनै काम गर्नको लागि उपसमिति गठन गर्नुपर्ने आवश्यकता देखिएमा समितिले त्यस्तो उपसमिति गठन गर्न सक्नेछ । उपसमितिले सम्पादन गर्नुपर्ने काम, कार्यविधि एवम् सो उपसमितिमा रहने सदस्यको नामसहितको प्रस्ताव सभापतिले बैठकसमक्ष निर्णयार्थ प्रस्तुत गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव बैठकबाट स्वीकृत भएपछि उपसमिति गठन भएको मानिने छ। सो उपसमितिले आफ्नो संयोजक चयन गर्नेछ ।

१९. **प्रतिवेदन प्रस्तुत गर्नेः** दफा १८ बमोजिम गठित उपसमितिले तोकेको कार्य अविधि भित्रै आफूलाई प्राप्त जिम्मेवारी बमोजिमको कार्य सम्पन्न गरी बैठक समक्ष प्रतिवेदन पेश गर्नेछ ।

तर विशेष कारणवश निर्धारित अवधी भित्र कार्य सम्पन्न हुन नसकेको कारण सहित उपसमितिले थप समयको माग गरेमा समितिले आवश्यक समय थप गर्न सक्नेछ ।

२०. **प्रतिवेदन उपरको छलफलः** उपसमितिबाट प्रस्तुत प्रतिवेदन उपर समितिको पूर्ण बैठकले छलफल गरी आवश्यक निर्णय गर्नेछ ।

२१. **समितिको अभिलेखः** समितिमा प्राप्त कागजात, समितिमा भएको छलफल, निर्णय र कामकारवाहीसँग सम्बन्धित अभिलेख सभापतिको निर्देशन अनुसार सचिवले व्यवस्थित गरी राख्नेछ । त्यस्तो निर्णय र अभिलेख सभापतिको अनुमति विना प्रदेश सभा सचिवालय बाहिर लैजान सकिने छैन ।

तर, संविधान र प्रचलित कानुन बमोजिम गोप्य राख्नु पर्ने विषय वा समितिले गोप्य राख्नुपर्ने भनी किटान गरेका विषयहरु बाहेक समितिका अभिलेखहरुको समुचित प्रकाशन वा प्रशारण गर्न यस दफाले बाधा पुर्याएको मानिने छैन ।

२२. **सदस्यलाई ध्यानाकर्षणः** समिति, उप-समितिमा रहेर जिम्मेवारी पुरा नगर्ने सदस्यहरुको कामको मुल्यांकन गर्दै सभापतिले बैठक मार्फत सम्बन्धित सदस्यलाई ध्यानाकर्षण गराउन सक्नेछ ।

२३. **आचार व्यवहारः** प्रदेश सभा नियमावलीको व्यवस्था अनुसार आचार व्यवहारको पालना गर्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।

२४. **संशोधनः** यस कार्यविधिलाई आवश्यकतानुसार समितिले संशोधन गर्न सक्नेछ ।

२५. **खारेजी र बचाउः**(१) प्रदेश मामिला तथा कानून समितिको कार्यविधि,२०७६ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज भएको कार्यविधि बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१ (ख)
## विधेयक सम्बन्धी समितिको प्रतिवेदनहरु
## <u>सूचना तथा संचार प्रविधि प्रतिष्ठानको स्थापना तथा संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ को प्रतिवेदन</u>

१. **दाफा १ को संक्षिप्त नाम र प्रारम्भको:**
उपदफा १ मा रहेको यस ऐनको नाम पछाडी रहेको <u>**"प्रदेश नं. ५"**</u> भन्ने शब्द हटाउने ।

२. दफा २ को उपदफा कायम भएको <u>(१)</u> हटाउने ।
खण्ड (च) <u>**"दफा ५"**</u> को ठाउँमा ***"दफा ६"*** भन्ने शब्द राख्ने ।
खण्ड (च) पछिको खण्ड <u>**(च)**</u> लाई ***(छ)*** बनाउने ।
खण्ड (ज) हटाउने ।

३. दफा ५ को खण्ड (ङ) मा <u>**सरकार र निजी**</u> भन्ने शब्दको सट्टा ***"सरकारी, सामुदायिक र निजी"*** भन्ने शब्द राख्ने ।

४. दफा ६ को उपदफा २ र ३ मा रहेको <u>**५**</u> अंकको सट्टा **६** अंक राख्ने ।

५. दफा ७ को: उपदफा कायम भएको <u>(१)</u> हटाउने ।

६. दफा ८ को उपदफा ३ को <u>*पचास*</u> भन्ने शब्दको सट्टा ***एकाउन्न*** भन्ने शब्द राख्ने ।

७. दफा १० को उपदफा कायम भएको <u>(१)</u> हटाउने ।
खण्ड (ग) को <u>**स्वदेशी विदेशी**</u> भन्ने शब्दको सट्टा ***"राष्ट्रिय तथा अन्तर्राष्ट्रिय"*** भन्ने शब्द राख्ने ।

८. दफा ११ को उपदफा २ को खण्ड (ख) को <u>**३० वर्ष**</u> भन्ने शब्दको सट्टा ***"३५ वर्ष"*** भन्ने शब्द राख्ने ।
खण्ड (ग) थपी ***"उच्च नैतिक चरित्र भएको ।"*** भन्ने शब्द राखी खण्डक्रम मिलाउने ।

९. दफा १४ को उपदफा (२) को खण्ड (ख)मा रहेको संघ संस्था वा भन्ने शब्द पछिको <u>**विदेशी**</u> भन्ने शब्द हटाई सरकार भन्ने शब्द पछि रहेको **वा विदेशी संस्था** भन्ने शब्द हटाउने ।

१०. अनुसूचिमा रहेको <u>**ईश्वरको**</u> भन्ने शब्दको सट्ट ***"ईश्वर/जनताको"*** भन्ने शब्द राख्ने ।

१. दफा २ को खण्ड (घ) को दोस्रो हरफमा रहेको मन्त्रिपरिषद्को कार्यालय भन्ने शब्दका पछाडी रहेका ***"वा प्रदेश कानून बमोजिम स्थापना भएको प्रदेश लोक सेवा आयोग वा सोही प्रकृतिको अन्य निकायलाई समेत"*** भन्ने शब्दहरु हटाई बाँकी शब्दहरु यथावत राख्ने ।

२. दफा २ को खण्ड (ज) पछि खण्ड (झ) ***थपी "अन्य निकाय भन्नाले प्रदेश लोक सेवा आयोग वा प्रदेश सरकार अन्तरगतको सोही प्रकृतिको कार्यालय जनाउनेछ ।"*** भन्ने शब्दहरु राख्ने ।

३. दफा ५ को खण्ड (च) मा **पारदर्शिता र जवाफदेहिता** भन्ने शब्दहरुका पछाडी **"जिम्मेवारीपन"** भन्ने शब्द थप गर्ने ।

४. दफा ६ को खण्ड (च) पछाडी ***"भौगोलिक र"*** भन्ने शब्दहरु थप गरी बाँकी शब्दहरु यथावत राख्ने ।

खण्ड (छ) पछाडी निम्न खण्डहरु थप गर्ने ।

***(ज) श्रम र मानवअधिकारको सम्मान,***

***(झ) दीगो विकास नवप्रवर्तन,***

***(ञ) नविनतम प्रविधिको विकास ।***

५. दफा १४ को उपदफा (१) पछि उपदफा (२) थप गरी ***"उपदफा (१) बमोजिम उपयुक्त समय भित्र निर्णय गर्दा कति समय भित्र निर्णय गरिसक्नुपर्ने हो सो को निस्सा सम्बन्धित सेवा ग्राहीलाई दिनुपर्नेछ ।"*** भन्ने शब्दहरु राखी उपदफाहरुको क्रम मिलाउने ।

६. दफा १८ को उपदफा (१०) मा रहेको उपदफा (८) बमोजिमको क्षतिपुर्ति भराउने निर्णयमा चित्त नबुझ्ने पदाधिकारी भन्ने शब्दका पछाडी रहेको ***"रु. पचास हजार रुपैयाँ वा सो भन्दा बढी रकम क्षतिपूर्ति वापत तिर्नुपर्ने भएमा"*** भन्ने शब्दहरु हटाई बाँकी रहेका शब्दहरु यथावत राख्ने ।

७. दफा २६ को उपदफा (१) को अन्तिममा रहेको ***सक्ने*** भन्ने शब्दको सट्टा ***"सक्नेछ"*** भन्ने शब्द राख्ने ।

८. दफा ३० को उपदफा (१) पछि उपदफा (२) थप गरी ***"प्रदेश सरकारले संचालन गर्ने परियोजनाको सामाजिक वा सार्वजनिक परिक्षण गर्नुपर्नेछ ।"*** भन्ने शब्दहरु राखी दफा क्रम मिलाई दफा (२) को स्वामित्व भन्ने शब्दका पछाडी ***"तथा सार्वजनिक वा समाजिक परिक्षण"*** भन्ने शब्दहरु राख्ने ।

९. दफा (३१) को उपदफा (१) मा रहेको ***"प्रदेश जिल्ला वा स्थानीय तहमा रहेका"*** भन्ने शब्दहरु हटाई बाँकी शब्दहरु यथावत राख्ने ।

१०. दफा (३२) को उपदफा (७) पछि **"विद्युतिय माध्यमबाट गुनासो सुनुवाई"** भन्ने शब्द थप गर्ने ।

११. दफा (३३) को उपदफा (५) को ***प्रतिवन्धात्मक बाक्यहरु (तर..)*** हटाउने ।

उपदफा (५) पछि उपदफा (६) थपी ***"यस दफा बमोजिम उजुरी सुन्ने पदाधिकारीहरुले उजुरीकर्ताको परिचय गोप्य राख्नुपर्नेछ र नीजको सुरक्षाको सुनिश्चितता गर्नुपर्ने छ ।"*** भन्ने बाक्यहरु राख्ने ।

१२. दफा (३४) को उपदाफा (१) को खण्ड (क) पछि खण्ड (ख) थपी ***"प्रदेश सरकारका सबै सचिवहरु-सदस्य,"*** भन्ने शब्दहरु राखी दफाक्रम मिलाउने ।

१३. दफा **(३५) हटाई** दफाक्रम मिलाउने ।

१४. दफा (३६) को उफदफा र खण्डहरुमा रहेको **ईकाई** भन्ने शब्दको सट्टा ***"समिति"*** भन्ने शब्द राख्ने ।

१५. दफा (३७) को उपदफा (३) को खण्ड (क) को चौथो हरफमा रहेको **नभएको** भन्ने शब्दको सट्टा ***"भएको"*** भन्ने शब्द राख्ने ।

उपदफा (४) थपी ***"प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सार्वजनिक पद धारण गरेको व्यक्तिले प्रचलित कानून बमोजिम बुझाएको सम्पत्ति विवरण सार्वजनिक गर्न स्वीकृत दिएमा त्यस्तो सम्पत्ति विवरण राख्ने निकायले सो विवरण सार्वजनिक गर्नुपर्ने छ ।"*** भन्ने शब्दहरु राख्ने ।

## <u>प्रदेश नं. ५, प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको प्रतिवेदन</u>

**१.** प्रस्तावनामा रहेको: प्रदेश नं. ५ प्रदेश सभाका पदाधिकारीको सुविधा सम्बन्धी ऐनमा भन्ने शब्दका पछाडी रहेको <u>"समसामायिक सुधार"</u> भन्ने शब्दको सट्टामा ***"संशोधन"*** भन्ने शब्द राख्ने ।

२. दफा १० को बीमा सुविधाको उपदफा (१) मा रहेको पदाधिकारी र सदस्यलाई भन्ने शब्दका पछाडी रहेको ***"सरकारी कामको सिलसिलामा भ्रमण गर्दा वा"*** भन्ने शब्दहरु झिक्ने ।

दफा १० को उपदफा (२) को उपदफा (१) बमोजिम भन्ने शब्दका पछाडी रहेको ***"बीमा नगरेको भए"*** भन्ने शब्दहरु झिक्ने ।

***<u>समाप्त</u>***

## अनुसूची-१ (ग)
## अनुगमन समितिको प्रतिवेदनहरु

## १. Covid-19 संसदीय अनुगमन प्रतिवेदन, २०७७

### परिच्छेद–१

### १.१. पृष्ठभूमी

सन २०१९ को डिसेम्बर तिर चीनको बुहान शहरबाट फैलिएको कोरोना भाइरसको संक्रमणले यतिवेला विश्व नै आक्रान्त पारेको छ । लगभग विश्वका सबै देशमा फैलिसकेको यस भाइरसबाट हाम्रो देश नेपाल पनि अछुतो रहन सकेन । नेपालमा पहिलो पटक २०७६ माघ १० गते कोरोना संक्रमण भेटिएको पुष्टि भएको थियो । 'चीनको वुहान क्षेत्रबाट नेपाल आएका एक व्यक्तिलाई प्रारम्भिक जाँच गरी सो को निश्चित निदानका लागि डब्लुएचओ कोल्याबोरेटिङ सेन्टर हङकङमा पठाइएको जाँच रिपोर्टमा उनको रिपोर्ट पोजेटिभ आएसँगै नेपामा पहिलो पटक कोरोना संक्रमित भेटिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सोही दिन पत्रकार सम्मेलन मार्फत पुष्टि गरेको थियो । त्यसको करिब २ महिना पछि मिति २०७६ चैत्र ६ गते युएईबाट नेपाल आएका एक जना पुरुष र चैत्र १० गते फ्रान्सबाट कतारको दोहा हुँदै नेपाल आएकी एक युवती गरी जम्मा ३ जना कोरोना संक्रमित फेला परेपछि संक्रमणको दर समुदायमा फैलिन नदिन नेपाल सरकारले गत २०७६ चैत्र ११ गते देखि देशैभर लकडाउन गरेको थियो ।

लकडाउन पश्चात आम जनता र देशका विभिन्न क्षेत्रमा देखिएका समस्याहरुलाई क्रमश समाधान गर्नको लागि करिब ८० दिन पछि सुरक्षा सावधानी अपनाउने गरी केही खुकुलो पार्ने उद्देश्यका साथ मिति २०७७ जेठ २९ गते लकडाउन केही मात्रामा खुकुलो पारिएको थियो । लकडाउन खुकुलो पारेसँग भारतबाट आउने मानिसहरुको संख्या अत्याधिक मात्रामा बढेको थियो । उनीहरुलाई प्रदेश सरकार र स्थानीय सरकारले संचालन गरेका विभिन्न क्वारेन्टाइन र होल्डिङ्ग सेन्टरमा राखेर निश्चित समयपछि चेकजाँच गरी घर पठाउने गरेकोमा चेकजाँच पश्चात भारत लगायत तेस्रो मुलुकबाट आएका मानिसहरुमा केरोना संक्रमणको दर पनि ह्वात्तै बढेको थियो ।

संक्रमण समुदायमा फैलिन नदिन संघीय सरकार र प्रदेश सरकारले कार्यविधि बनाई लागु गरेका क्वारेन्टाई, आइसोलेसन सेन्टर र होल्डिङ्ग सेन्टरमा बस्ने मानिहरुलाई विश्व स्वास्थ्य संगठनको मापदण्ड र संघीय सरकार र प्रदेश सरकारले बनाएका कार्यविधि अनुसार संचालन नभएको, मानवअधिकार र सुशासनलाई ध्यान नदिएको, कोरोनाको विपदलाई वेलैमा व्यवस्थापन गर्न नसकेको र कम्जोर सुरक्षा व्यवस्थापनका कारण संक्रमित व्यक्तिहरु Quarantine, Holding center र Isolation center बाट भाग्ने गरेको जस्ता व्यापक जनगुनासो यस समितिमा आएको हुँदा प्रदेश नं. ५ को प्रदेश सभा नियमावली १४६ बमोजिम मानव अधिकार, सुशासन, शान्ति सुरक्षा र विपद् व्यवस्थापन एवं आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग सम्बन्धित विषय यस समितिको

कार्यक्षेत्र भित्र पर्ने हुँदा समितिको मिति २०७६/०३/०९ मा बसेको बैठकको निर्णय अनुसार Covid-19 बाट अत्याधिक मात्रमा प्रभावित भएका प्रदेश नं. ५ का कपिलवस्तु र रुपन्देही जिल्लाको अवस्था बुझ्न सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी, सबै पालिकाका प्रमुख र जिल्ला समन्वय समिति प्रमुख र उपप्रमुखसँग छलफल तथा अर्न्तक्रिया पश्चात  स्थलगत निरिक्षण, अध्ययन/अनुगमन गरी तत्काल सुधार हुन आवश्यक देखिएका पक्षको सुधार गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ रणनैतिक रुपले दीर्घकालीन रुपमा सुधार हुन आवश्यक देखिएका क्षेत्रहरुका बारेमा समेत प्रदेश सरकारलाई प्रतिवेदन सहित निर्देशन दिने गरी २ वटा समूह बनाई मिति २०७७ असार १६ देखि २०७७ असार २० गते सम्म कपिलवस्तु र रुपन्देही जिल्लाका Quarantine, Holding center, Isolation center को अवस्थाको स्थलगत अध्ययन/अनुगमन र निरीक्षण गरेको थियो ।

### १.२. अनुगमन कार्यक्रमको उद्देश्यः

प्रदेश नं. ५ मा Covid-19 (कोरोना भाईरस) को रोकथाम, नियन्त्रण र उपचारका लागि बनाईएका Quarantine, Holding center, Isolation center मा बस्ने मानीसहरुको मानवअधिकार, सुशासन, सुरक्षा र विपद व्यवस्थापनको हालसम्मको अवस्थाको बारेमा अध्ययन/अवलोकन र अनुगमन गरी सो को विश्लेषण सहित सुधार हुन आवश्यक देखिएका पक्षहरुको सुधार गर्नका लागि प्रदेश सरकारलाई प्रतिवेदन पेश गर्ने र विद्यमान अवस्थाको बारेमा जानकारी लिनु यस अनुगमन कार्यक्रमको उद्देश्य रहेको छ ।

### १.३ अध्ययन/अवलोकन विधिः

- सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय समिति प्रमुख, सुरक्षा निकायका प्रमुख र सम्पूर्ण पालिकाका प्रमुखसँग छलफल एवं अन्तरक्रिया गर्ने,
- Quarantine, Holding center र Isolation center को अवस्था बुझ्न सचिवालयबाट तयार गरिएका प्रश्नहरु सोध्ने र छलफल गर्ने,
- Quarantine, Holding center र Isolation center को भौतिक अवस्था र त्यसमा बस्ने मानिसहरुको अवस्थाको अवलोकन गर्ने,
- सम्बन्धित जिल्लाका Quarantine, Holding center, Isolation center को स्थलगत निरिक्षण तथा अनुगमन गरी संक्रमितहरुसँग सोधपुछ गर्ने र सेन्टरका प्रमुख र उपचारमा लागि खटिएका स्वास्थ्यकर्मी जानकारी लिने ।

### १.३. कार्यविधिः

प्रदेश नं. ५ का कपिलवस्तु र रुपन्देही जिल्लाका Quarantine, Holding center र Isolation center को संचालनको हालसम्मको अवस्था, मानवअधिकार, सुशासन, सुरक्षा र विपद व्यवस्थापनको अवस्थाको बारेमा स्थलगत अध्ययन/अवलोकन र अनुगमन गरी सो को विश्लेषण सहित सुधार हुन आवश्यक देखिएका पक्षहरुको निष्कर्ष सहित सुधार एवं कार्यान्वनका लागि सम्बन्धित मन्त्रालय र प्रदेश सरकारलाई निर्देशन दिने ।

१.४ संसदीय निगरानी **अनुगमन कार्यक्रममा जाने समुह, पदाधिकारी एवं कर्मचारीको विवरणः**

| **समुह नं. १ कपिलवस्तु** | | **समूह नं. २ रुपन्देही** | |
|---|---|---|---|
| **क्र.सं.** | **माननीय सदस्यज्यूहरुको नाम, थर** | **क्र.सं.** | **माननीय सदस्यज्यूहरुको नाम, थर** |
| १ | मा. सभापति श्री दामा कुमारी शर्मा | १ | मा. श्री भोज प्रसाद श्रेष्ठ (संयोजक) |
| २ | मा. श्री रमा अर्याल | २ | मा. श्री सुरेन्द्र बहादुर हमाल |
| ३ | मा. श्री हरि प्रसाद रिजाल | ३ | मा. श्री भुवनेश्वर चौधरी |
| ४ | मा. श्री विमला कुमारी खत्री | ४ | मा. श्री सन्तोष कुमार पाण्डेय |
| ५ | श्री श्याम प्रसाद श्रेष्ठ -उपसचिव | ५ | श्री सीता घिमिरे -कानून अधिकृत |
| ६ | श्री विवश बोहरा -कम्प्यूटर अपरेटर | ६ | श्री संगीता भण्डारी -खरिदार |

## परिच्छेद–२

**२.१ रुपन्देही जिल्लामा रहेका विभिन्न** Quarantine, Holding center र Isolation center को र त्यसमा बस्ने मानिसहरुको हालको **अवस्थाः**

**१. स्थलगत अध्ययनबाट देखिएको अवस्था**

(क) **लुम्बिनी वाणिज्य क्याम्पस, बुटवल** (Holding center):

- २०७७ जेठ २४ गतेदेखि व्यवस्थापन भई सेनाको सुरक्षा र व्यवस्थापनमा रहेको,
- प्रदेश भरीका विदेशबाट आएका नागरिकहरुलाई सम्बन्धित जिल्लामा पठाउने व्यवस्था भएको ।
- बेड संख्याः २० वटा भए पनि धेरै समयसम्म होल्डिङ्ग सेन्टरमा नबस्ने गरेको,
- खानापानी र खानाको प्याकेजको व्यवस्था समेत नरहेको,
- बेखर्चीको हकमा भाडा प्रबन्ध र समान्य खानाको प्रबन्ध भएको,
- सामान्य Dedicated Health Team को प्रवन्ध नभएको,
- बुटवल उपमहानरपालिकाबाट दैनिक सरसफाई र फोहर व्यवस्थापनको कार्यमा ढिलाई र हेलचक्र्याई भएको,
- सफाई कर्मीको लागि PPE, max, glove लगायतको सुरक्षा सामाग्रीका लागि खर्चको व्यवस्थापन नभएको,
- ईलाका प्रशासन र स्थानीय नगरपालिका बीच फोकल पर्सन भएपनि समन्वय हुन नसकेको,
- Holding center को हालसम्म कुनै पनि निकायबाट अनुगमन कार्य नभएको ।

**(ख) प्रतिमा निमा स्मृती विद्यालय, भैरहवा** (Holding center):

- नेपाली सेनाको गरुड दलको सुरक्षा र व्यवस्थापनमा रहेको,
- भारतबाट आएका नागरिकहरुको व्यवस्थापन गर्ने गरेको,
- बेडको राम्रो प्रवन्ध भएको,
- सुनौलीमा नै हेल्थ डेस्क र चेकअप गर्ने गरेको र राम्रो व्यवस्था रहेको,
- CCMC बाट आर्थिक व्यवस्था नभएको,
- संघसंस्था अर्न्तगत अर्घखाँची सिमेन्ट उद्योग, सत्यसाई संस्था, बेलहिया समाज र युनिसेफले पानी, विस्कुट र चिउराको प्रवन्ध गर्ने गरेको,
- ९५० वार्ड को ५ वेडको रहेका,
- PPE र स्वास्थ्य समग्रीको अभाव भएकोले आपाङ्ग वा अन्य व्यवस्थापन गर्न गाह्रो भएको,
- दैनिक रुपमा १०२ देखि १८ सय जनासम्म आउने गरेको,
- अन्तर जिल्लाको ट्राफिक प्रहरद्वारा CCMC को परिपत्र र सेनाको परिपत्रद्वारा गाडी वा व्यक्तिलाई आवत जावतमा कठिनाई बनाएको/निर्देशन नभएको,

**(ग) भीम अस्ताल** (Isolation center):

- हालसम्म संक्रमितको संख्या ४२ जना रहेको र २६ जना निको भएर फर्किएको,
- ५ वेडको आइसियू बनाउनु पर्ने,
- ANM र फिजिशियन विशेषज्ञ नभएको,
- कोरोना सम्बन्धीका विरामीको अप्रेशनका Lev-3 का लागि नेपालगन्ज मेडिकल कलेज नेपालगन्ज पठाउनु पर्ने,
- संक्रमितका लागि भजन, योगाको व्यवस्था रहेको,
- कोरोना संक्रमित बाहेकका लागि OPD सेवा खोलिएको,
- स्थान अभाव भएकाले जनस्वस्थ्यको खाली भवन माग भएपनि उपलब्ध हुन नसकेको हुँदा अर्को व्यवस्था गरेर भएपनि संचालन गर्न आवश्यक रहेका,
- खानाको प्रवन्ध ४ टाइम रहेको,
- हालसम्म २ करोड प्राप्त गरेको ।

**(घ) भैरहवा नमूना विद्यालय** (Quarantine center):

- चटाई/मेटेसमा सुत्ने व्यवस्था भएको,
- पहिले धेरै संख्यामा मानिसहरु रहेपनि हाल ३८ जनामात्र रहेको,
- दैनिक ४ पटक खाना नास्ता खाने गरेको,
- खानाको दर रु. ८५ रहेको र कम्पनीको व्यवस्थापनमा नगरपालिकाले व्यवस्था गरेको,

- खानाको गुणस्तर कम रहेको र नास्तामा विस्कुट र चिया रहेको,
- मेडीकल चेकअप नगरपालिकाको स्वास्थ्य शाखाबाट भएको,
- नियमित रुपमा स्वास्थ्य चेकजाँच भैरहेको,
- फ्रि वाईफाईको व्यवस्था भएको र अन्यको आवश्यकता महसुश नभएको,
- सफाईको व्यवस्थापन, साबुन पानी सेनीटाइजरको अभाव रहेको,
- कम्जोर व्यवस्थापन भएको,
- विश्व स्वास्थ्य संगठनको डाक्टरद्वारा फोन सेवा रहेको,
- महिलाहरुको लागि अलग व्यवस्था रहेको,
- जम्मा १४३० जनाको बसेको र हाल ३८ जना रहेको ।

**रुपन्देही जिल्लाका प्रमुखजिल्ला अधिकारीज्यूको अध्यक्षतामा भएको अन्तरक्रिया कार्यक्रमबाट आएका केही महत्वपूर्ण कुराहरुः**

- सबै क्वारेन्टाइन, आइसोलेशन र अस्पतालहरुको रिपोर्ट गरिएको,
- हालसम्म जिल्ला प्रशासन मार्फत ७९९४ जनाको व्यवस्थापन गरेकोमा २५% को चेकअप गर्दा १५% संक्रमित भेटिएको,
- हालसम्म ६७ जिल्लाका २६००० को व्यवस्थापन गरेको,
- प्रदेश सरकारबाट होल्डिङ्ग सेन्टरका लागि ५ लाख प्राप्त भएको र सो रकम बेखर्ची भएकाहरुलाई दिने भनेका कारण अन्य कार्यक्रमा प्रयोग गर्न नपाएको,
- बुटवलमा खानेपानी, स्वास्थ्य सामग्री लगायतका अन्य सामग्रीहरु नभएको,
- प्रयोगशालामा पहिला ४६०० जाँच हुनेमा हाल ८०० मा झरेको,
- जिल्लाभरी हालसम्म १९३ जना संक्रमित डिस्चार्ज भएको,
- पिसिआर परिक्षण थप भएको अवदेखि चाप कम हुने,
- कोरोना सम्बन्धी जनचेतनामा कमी रहेको,
- क्वारेन्टाइनको स्तर कमजोर भएकोले १०० बाट घटाएर पालिका स्तरमा गुणस्तरका लागि १।१ को व्यस्था गर्नुपर्ने,
- कर्मचारी तहबाट ९ स्थान सिसिएमसी, जिल्लाबाट अनुगमन १ पटक गरिएको ।
- भिम अस्पतालको ओपिडी सेवा संचालनमा स्थान अभाव, जनशक्तिको कमी, विशेषज्ञसेवाको कमी र अन्य औजारको अभाव रहेको,
- ग्रामीण क्षेत्रमा हाट बजार लाग्ने गरेको कारण हेलचेक्र्याई बढेको र नियन्त्रण गर्न चुनौती रहेको,
- राहत ठीक वेलामा वितरण भएमा हाल कसी अनुगमन सुरुदेखि हुनुपर्ने ढिलो भएको गुनासो,
- हेल्थडेक्सको टोली बुटवलमा व्यवस्था गर्नुपर्ने,
- स्थानीय तहले सकेको काम गरेको,

**२.२ कपिलवस्तु जिल्लामा रहेका विभिन्न** Quarantine, Holding center र Isolation center को र त्यसमा बस्ने मानिसहरुको हालको **अवस्थाः**

| क.सं. | Quarantine रहेका व्यक्तिको संख्या | | | Isolation center रहेका व्यक्तिको संख्या | | | Holding center रहेका व्यक्तिको संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **महिला** | **पुरुष** | **जम्मा** | **महिला** | **पुरुष** | **जम्मा** | **महिला** | **पुरुष** | **जम्मा** |
| | ८९ | २६० | ३४९ | ९ | ७७ | ८६ | ६१६ | ४११८ | ४७३४ |

**कपिलवस्तु जिल्लाका प्रमुखजिल्ला अधिकारीज्यूको अध्यक्षतामा भएको अन्तरक्रिया कार्यक्रमबाट आएका केही महत्वपूर्ण कुराहरुः**

**हालसम्म जम्मा क्वारेन्टाईनको संख्याः ५१ वटा रेहेको, आइसोलेसनको संख्याः ८ वटा र होल्डिङ्ग सेन्टरको संख्याः २ वटा रहेको**

**नेपाल प्रहरीः**

- हालसम्म प्रहरीहरु ६ जना संक्रमित रहेको,
- ४ जना निको भएर गएको र २ जना आइसोलेशनमा रहेको,
- प्रत्येक क्वारेन्टाईनमा कम्तिमा २ जना प्रहरीले डियूटी गर्ने गरेको,
- उच्च मनोवलका साथ शान्ति सुरक्षाको व्यवस्थापन गरेको ।

**शसस्त्र प्रहरीः**

- ४० हजार मानिसहरुलाई जिल्ला बाहिर पठाएको,
- कपिलवस्तुका ८ ठाउँबाट बोडरका विभिन्न ९३ स्थानमा १२ सय शसस्त्र प्रहरीले डीयूटी गर्ने गरेको,
- जनताले सरकारको निर्देशन अनुसारको नियम पालना नगरेका कारण कतिपय अवस्थामा बल प्रयोग समेत गर्न बाध्य रहेको,
- अहिले बोडरमा लुकिछिपी छिर्ने समस्या नरहेको,
- डियूटी बस्ने पालमा पानी भरिने गरेका कारण समस्या भएको,
- अस्थायी ठाउँमा सुरक्षा पोष्ट राखिएका कारण तस्करहरुले टेन्टहरु हटाउन खोज्ने र वेलावेला दुख दिने गरेको,

**नेपाली सेनाः**

- कन्टोलिङ्ग गर्ने प्रमुख कार्य भएको,

- होल्डिङ्ग सेन्टरको डियूटी गर्ने गरेको,
- पालहरु अस्थाई रुपमा राखिएका कारण पानीले समस्या पार्ने गरेको,
- कृष्ण नगरर होल्डिङ्ग सेन्टरमा गाडीको समस्या रहेको र माग गरिएको,
- खानको परपर्दो व्यवस्था नभएको र व्यवस्थापनका लागि कतैबाट खर्च नपाएको,
- शान्ति सुरक्षामा दिनरात खटिएको ।

## २. स्थलगत अध्ययनबाट देखिएको अवस्था

(क) जहदी स्वास्थ्य चौकी भवन आइसोलेशन कपिलवस्तु नपा-११

- ५० हजार रकम विनियोजन गरिएको,
- नगरपालिकाले बजेट दिएको,
- प्रतिव्यक्ति खाना ४ सयका दरले खुवाउने गरेको,
- ४५ जनाको क्षमता रहेको आइसोलेशनमा हाल २ जना महिला, १५ जना पुरुष र १ जना बालबालिका गरी जम्मा १८ जना रहेको,
- सबै भारतबाट आएका
- समाजिक दुरी कायम गरी, बसाई र सरसफाईको राम्रो व्यवस्था भएको,
- सामान्य औषधी मार्फत उपचार गर्ने गरेका,
- हालसम्म ३७ जना बसेकोमा २२ जना निको भएर गएको,
- एक जना सहायक स्तर र एक जना अधिकृत स्तर गरी २ जना स्वास्थ्यकर्मी रहेको,
- एम्बुलेन्सको अभाव रहेको,
- पिसिआर रिपोर्ट ढिला आउने गरेको ।

**(ख) राष्ट्रिय मावि शिवराज-५ क्यारेन्टाइनः**

- नगरपालिकाले खर्च व्यहोर्ने गरेको,
- प्रतिव्यक्ति दैनिक २ सयका दरले रकम दिने गरको,
- हाल महिला १० जना, पुरुष २८ जना र बालबालिका ३ जना रहेको,
- सबै भारतबाट आएका,
- भौतिक दुरी, बसाईको अवस्था, सरसफाईको अवस्थ राम्रो रहेको,
- सामान्य औषधिबाट उपचार गर्ने गरेको,
- अधिकृत १ जना र सहायक स्तर ६ जना गरी जम्मा ७ जना स्वास्थ्य कर्मी रहेको,

- नगरपालिकाले खाना खुवाउने गरेका,
- हालसम्म २३३ जना बसेको ।
- पिसीआर रिपोर्ट आउन बाँकी रहेको ।
- हालसम्म निको भएर ७ जना गएको ।
- सबैको पिसिआर विधिबाट चेकजाँच गरिएको

**(ग) सुपादेउराली आइसोलेशन सेन्टर**

- शिवराज नगरपालिकाले संचालन गरेको,
- हालसम्म करिब ५ लाख रुपैयाँ खर्च भएको,
- ५० जना क्षमता रहेको ।
- पुरुष ९ जना र १ जना बालिका गरी १० जना रहेको,
- भौतिक दुरी, कायम रहेको,
- पानी चुहिने गरेका कारण बसाईमा अप्ठेरो भएको,
- आर्युवेदिक र होमियोप्याथी पद्धतिबाट उपचार गराउने गरेको,
- पहिला क्वारेन्टाइनको रुपमा रहेको र त्यसबेला २७० जना बसेको,
- ४ जना स्वास्थ्य कर्मीको टोली रहेको,
- पिसिआर रिपोर्ट एउटै व्यक्तिमा ४ पटकसम्म पोजेटिभ आएको र २ पटकसम्म पोजेटिभ आउँदा उनीहरु आत्तिएको अवस्था रहेको ।

**(घ) कृष्णनगर होल्डिङ्ग सेन्टर**

- कृष्णनगर भन्सारमै हेल्थडेस्क स्थापना गरेर स्वास्थ्य चेकजाँच गर्ने गरेको,
- हालसम्म ३८ जिल्लाका महिला ६१६ जना, पुरुष ४११८ जना गरी ४७३४ जना भारतबाट आएको,
- महिला २५ जना र पुरुष २२२ जना गरी जम्मा २४७ जना बास बसेको,
- सेन्टरबाट पैसा तिरेर जान नसक्ने मानिसहरुलाई यातायात व्यवसायी समितिसँग समन्वय गरी सहुलियत दरमा घर पठाउने गरेको,
- पालहरु अस्थाई रुपमा राखिएका कारण पानीले समस्या पार्ने गरेको,
- गाडीको समस्या रहेको,
- खानको परपर्दो व्यवस्था नभएको र मारवाडी सेवा समितिसँग समन्वय गरेर होल्डिङ्ग सेन्टरमा आउने व्यक्तिहरुलाई खाना खुवाउने गरेको ।

**निष्कर्षः**

प्रदेश मामिला तथा कानून समितिले मिति २०७७।०३।१६ देखि २०७७।०३।२० गतेसम्म कपिलवस्तु, र रुपन्देही जिल्लाका क्वारेन्टाईन, आईसोलेशन र होल्डिङ्ग सेन्टरको अनुगमनबाट निम्नानुसारको निष्कर्ष देखियो ।

- ✓ पिसिआएर रिपोर्ट समयमै नआउँदा संक्रमितहरु भाग्ने खतरा रहेको र हाल यो समस्इा क्रमश हल हुँदै गएको,
- ✓ क्वारेन्टाईन, आइसोलेशन र होल्डिङ्ग सेन्टरमा बसेका व्यक्तिहरुलाई सेनेटाईजर र तातोपानीको उचित व्यवस्था नभएको,
- ✓ सुरक्षाको दृष्टिकोणले हालसम्म कुनै खतरा नभएपनि स्रोत साधनको अभावका कारण भविष्यमा खतरापूर्ण स्थिति रहेको,
- ✓ बुटवल उपमहानगरपालिकामा रहेको होल्डिङ्ग सेन्टरमा बस्ने व्यक्तिहरुका लागि सरसफाई र खानेकुराको कुनै प्रवन्ध नरहेको र सफाई कर्मीहरुका लागि समेत सुरक्षा सामग्री उपलब्ध नभएको र फोकल पर्सन तोकेपनि कुनै समन्वय नभएको,
- ✓ बोडरमा खटिने सुरक्षाकर्मीहरुलाई सुरक्षाका लागि उचित व्यवस्था गर्नुपर्ने,
- ✓ हालसम्म तीनवटै क्षेत्रका सुरक्षाकर्मी, स्थानीय सरकार र जिल्ला प्रशासन कार्यालय मिलेर संक्रमण रोक्न राम्रो प्रयास गरिरहेको हुँदा समुदायमा फैलिन नपाएको,
- ✓ मानवअधिकार र सुशासनको दृष्टिकोणले हालसम्म कुनै समस्या नरहेको,
- ✓ बोर्डरसँग जोडिएका पालिकाहरुका स्थानीयलाई कोरोना संक्रमण सम्बन्धी बुझाउन गाह्रो परेको,
- ✓ कपिलवस्तु नगरपलिका वडा नं. ११ जहादी स्वास्थ्य चौकीमा रहेको आईसोलेशन केन्द्रमा तत्काल एम्बुलेन्स उपलब्ध गराउनुपर्ने,
- ✓ २ पटकसम्म पिसिआर पोजेटिभ आएकाहरुलाई आइसोलेशन केन्द्रमा राख्नु भन्दा कोरोना विशेष अस्पतालमा राख्नु पर्ने र उनीहरुलाई ल्याउने व्यवस्था गर्नुपर्ने,
- ✓ बोर्डरमा राखिएका सशस्त्र प्रहरीवलका पाल टाँगिएका अस्थायी पोष्टहरु सुरक्षाको दृष्टिकोणबाट अत्यन्त खतरा रहेका कारण भौतिक संरचना तयार गर्नुपर्ने,
- ✓ स्थानीय सरकारले कोरोना रोकथामका लागि गरेको खर्च समयमै सरकारले उपलब्ध गराएमा सो रकमबाट विकास निर्माणका कार्य अगाडि बढाउन सकिने ।
- ✓ Covid-19 का कारण स्थापना भएको भिम अस्पताल भैरहवामा Non Covid विरामीको उपचार भवन नभएको कारण समस्या भएकोले नयाँ Prefab अस्थायी भवन निर्माण गर्ने वा जिल्ला जनस्वाथ्यको भवन नजिकै खाली रहेकोले अविलम्ब उपलब्ध गराउनु पर्ने ।

मितिः २०७७।०३।२१

# मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम कार्यक्रम, २०७६ को अनुगमन प्रतिवेदन

## परिच्छेद–१

### १.१. पृष्ठभूमी

प्रदेश नं. ५ का १२ वटा जिल्लामा बसोबास गर्ने आर्थिक तथा समाजिक सुचकका आधारमा पछाडी परेका व्यक्तिहरुको गुणस्तीय शिक्षा, स्वास्थ्य, रोजगारी, आयआर्जनका अवसरहरु तथा समाजिक संरक्षणका कार्यक्रम मार्फत उनीहरुको जीवनस्तरमा सुधार गरी आयआर्जन गर्ने उद्देश्यका साथ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहले संचालन गर्ने गरी "मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम" लागु गरेको छ ।

सुरुका दिनमा प्रदेशका १२ वटा जिल्लाका केही गाउँपालिकामा मात्र लागु गरिएको "मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम" हाल आएर सबै पालिकाहरुमा लागु गरिएको छ । यसबाट स्थानीय स्तरमा गरिबीको रेखामुनी रहेका र विपन्न वर्गका जनताको जिवनस्तरमा सुधार हुने हामी सबैले आशा राखेका छौं । यहि आशा र भरोसाका साथ लागु भएको मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम उद्देश्य अनुरुप नगई लगायतका अन्य भिना मसिना वितरणमुखी कार्यक्रमहरु भुल, ब्याल्याङ्केट, चामल, छाता, थर्मस, कपि, भोला टिफिन बक्स समेत वितरण गरेको सूचनाका आधारमा Covid-19 का कारण सबै जिल्लामा जान सक्ने अवस्था नरहेकोले भारतसँग सीमा जोडिएको तराईको नवलपरासी र दाङ जिल्लाबाट अन्य जिल्लाहरुको अवस्थाका बारेमा समेत बुझ्न सजिलो हुने हुँदा नवलपरासी र दाङ जिल्ला छनौट गरी प्रदेश मामिला तथा कानून समितिको मितिः २०७७।०३।१३ गते बसेको बैठकको निर्णय अनुसार प्रदेश नं. ५ को दाङ र कपिलवस्तु जिल्लामा गत आ.व.२०७५।०७६ तथा आ.व. २०६७।०७७ मा "मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम" लागु भएका स्थानहरुको हालसम्मको प्रगति अवस्था र कार्यान्वयनको अवस्थाका बारेमा मिति २०७७।०३।२२ देखि २०७७।०३।२८ गते सम्म मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम जिल्ला व्यवस्थापन तथा समन्वय समिति र सम्बन्धित जिल्लाका सम्पूर्ण सहजकर्तासँग छलफल तथा अन्तरक्रिया कार्यक्रम गरी मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमको हालसम्मको अवस्थाको बारेमा स्थलगत अध्ययन/अनुगमन र निरीक्षण गरेको थियो ।

### १.२. अनुगमन कार्यक्रमको उद्देश्यः

गत आव २०७५।०७६ र आव २०७६।०७७ मा लागु भएको "मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम" उद्देश्य अनुरुप नगई अन्य भिना मसिना र वितरणमुखी कार्यक्रमहरुमा मात्र सिमित भएको भन्ने जनगुनासोका आधारमा "मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम" लागु भएका प्रदेश नं. ५ का नवलपरासी र दाङ जिल्लामा हालसम्मको प्रगतिको अवस्था र कार्यान्वयनको अवस्थाको बारे संसदीय निगरानी अन्तर्गत अध्ययन/अवलोकन र अनुगमन गरी सो को विश्लेषण सहित सुधार हुन आवश्यक देखिएका पक्षहरुको सुधार गर्नका लागि सम्बन्धित

मन्त्रालय र प्रदेश सरकारलाई प्रतिवेदन पेश गर्ने र विद्यमान अवस्थाको बारेमा जानकारी लिनु यस अनुगमन कार्यक्रमको उद्देश्य रहेको छ ।

**१.३ अध्ययन/अवलोकन विधिः**

- मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम जिल्ला व्यवस्थापन तथा समन्वय समिति र सम्बन्धित जिल्लाका सम्पूर्ण सहजकर्तासँग "मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम"को विषयमा छलफल तथा अन्तरक्रिया गर्ने,
- "मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम" पालिकाको सिफारिस समिति र सहजकर्तासँग छलफल तथा अन्तरक्रिया गरी कार्यक्रम लागु भएको स्थानको स्थलगत अनुगमन गर्ने,
- "मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम"बाट लाभान्वित भएका व्यक्तिहरुसँग कार्यक्रमले पारेको प्रभाव र उनीहरुको जिवन स्तरबारे सामान्य छलफल गर्ने,

**१.३. कार्यविधिः**

शासन व्यवस्था, मानव अधिकार, सुशासन, कानून, न्याय, प्रत्यायोजित अधिकार, शान्ति सुरक्षा र सुव्यवस्था प्रदेश प्रहरी, विपद व्यवस्थापन एवं मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग सम्बन्धित क्षेत्र यस समिति अन्तर्गत पर्ने भएकोले गत आव २०७५।०७६ र आव २०७६।०७७ मा "मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम" लागु भएका प्रदेश नं. ५ का नवलपरासी र दाङ जिल्लामा हालसम्मको प्रगतिको अवस्था र कार्यान्वयनको अवस्थाको बारे संसदीय निगरानी अन्तर्गत स्थलगत अध्ययन/अवलोकन र अनुगमन गरी सो को विश्लेषण सहित सुधार हुन आवश्यक देखिएका पक्षहरुको निष्कर्ष सहित सुधार एवं कार्यान्वनका लागि सम्बन्धित मन्त्रालय र प्रदेश सरकारलाई निर्देशन दिने ।

१.४ **अनुगमन कार्यक्रममा खटिएको टोली, पदाधिकारी एवं कर्मचारीको विवरणः**

| टोली नं. १ दाङ | | टोली नं. २ नवपरासी | |
|---|---|---|---|
| **क्र.सं.** | **माननीय सदस्यज्यूहरुको नाम, थर** | **क्र.सं.** | **माननीय सदस्यज्यूहरुको नाम, थर** |
| १ | मा. श्री भोज प्रसाद श्रेष्ठ- सदस्य (टोली प्रमुख) | १ | मा. सभापति श्री दामा कुमारी शर्मा |
| २ | मा. श्री रमा अर्याल-सदस्य | २ | मा. श्री खड्ग बहादुर खत्री-सदस्य |
| ३ | मा. श्री सरस्वती गौतम-सदस्य | ३ | मा. श्री भगवतीदेवी भण्डारी-सदस्य |
| ४ | मा. श्री विमला कुमारी खत्री-सदस्य | ४ | मा. श्री हरि प्रसाद रिजाल-सदस्य |
| ५ | श्री सीता घिमिरे-कानून अधिकृत | ५ | श्री श्याम प्रसाद श्रेष्ठ- उपसचिव |
| ६ | श्री विवश बोहरा-कम्प्यूटर अपरेटर | ६ | श्री संगीता भण्डारी-खरिदार |

## परिच्छेद–२

२.१ दाङ जिल्लाका मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम लागु भएका पालिकाहरुको संचालन र कार्यान्वयनको हालको अवस्थाः

**(क) राप्ती गाउँपालिकाः**

**(अ) लागु भएका कार्यक्रमहरुः**

- होजेरी उद्योग, मोटरसाईकल मर्मत, शैलुन संचालन, कागतिका विरुवा वितरण, विपन्न आवास, बाख्रा वितरण, विद्यार्थी ड्रप आउट रोक्न स्टेशनरी वितरण जस्ता कार्यक्रम र जेष्ठ नागरिक थर्मस र लाईट वितरण, बालविकास केन्द्र (मन्टेश्वरी तालिम)को योजना आदी ।

**(आ) अनुगमनबाट देखिएको अवस्थाः**

- समितिको संयोजन सन्तोष जनक रहेको,
- केही गाउँपालिकाको मेचिङ्गफण्ड पनि गरेको देखियो,
- गाउँ छनौट प्रकृयाः सन्तोषजनक रहेको र समुहगठन ५ देखि १४ जनासम्म पाठी सापटी कार्यक्रम क्रमशः समावेश गर्ने निर्णय भएको,
- थोरै पूँजीमा धेरै अपेक्षा राखिएको,
- कार्यक्रमको अनुगमनको मापदण्ड नभएको,
- सहजकर्ताको हाजिरी र जवाफदेहिता कम,
- कार्यक्रमहरु बढि वितरण मुखी र छितारीएर हुने गरेको,
- प्रादेशिक ईकाई नभएको, शाखा संरचना भएपनि ईकाई नभएको,
- बजेट निकासा, छनौट प्रकृया, स्वीकृत प्रकृया ढिलो भएको,
- बजेट शिर्षकमा धेरै क्षेत्र ओगटेकोले योजना विपरित हुने संभावना रहेको ।
- कार्यविधीले कार्यक्रमको विषयवस्तु विस्तृत रुपमा समेटेको हुँदा टुक्रे कार्यक्रमहरु छनौट गर्नुपर्ने बाध्यता रहेको,
- बार्षिक रुपमा प्रतिवेदन बुझाउने गरेको,
- सहजकर्तालाई हाजिर गर्ने समस्या रहेको ।

**(ख) बबई गाउँपालिकाः**

**(अ) लागु भएका कार्यक्रमहरुः**

- स्वरोजगार कार्यक्रम, मोटरसाईकल मर्मत, मौरीपालन, विद्यार्थी ड्रफ आउट, शैलुन कार्यक्रम, वेसार खेती ब्लक निर्धारण आदी ।

**(आ) अनुगमनबाट देखिएको अवस्थाः**

- समितिको संयोजन सन्तोष जनक रहेको,
- मनोनित सदस्यहरुको सक्रियता कम रहेको र समितिभित्र असमझदारी भएको,

- कार्यक्रमको अपनत्व कमजोर रहेको,
- लक्षित कार्यक्रम सम्पन्न नभएको,
- नियमित बैठक नबसेको,
- बार्षिक रुपमा प्रतिवेदन बुझाउने गरेको,

**(ग) जिल्ला समन्वय समिति दाङः**

मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमको समग्र अवस्थाको बारेमा जिल्ला समन्वय समिति दाङका प्रमुख जितेन्द्रमान नेपाली, समन्वय अधिकारी, प्रदेश सभा सदस्य लगायतको उपस्थितिमा गरिएको अन्तरक्रिया कार्यक्रमबाट निम्नानुसारको अवस्था रहेको देखियो ।

- सहजकर्ता समेत रहेको समिति गठन भएको,
- नियिमित बैठक बसेको,
- योजना छनौट र स्वीकृतिको अधिकार भएपनि, कार्यक्रमको अनुगमन र कार्यान्वयनमा समस्या रहेको,
- कार्यक्रमलाई गाउँपालिकाले आफ्नो कार्यकम नसम्झनु र समय नदिनु ।
- कार्यविधिमा सहजकर्ताको भूमिका सहजीकरण मात्र हुँदा कार्यकम सिफारिस तथा कार्यान्वयन समितिमा सहजकर्ताको सल्लाह र सुझावमा वेवास्ता हुनुको साथै कतिपय अवस्थामा कार्यान्वयनको कममा सहजकर्तासँग समन्वयनै नहुने गरेको,
- सहजकर्ताको तह स्पष्ट नहुदा र कार्यकमहरुमा सहजकर्ताप्रति गरिने व्यवहारले सहजकर्ताले आफैप्रति आत्मसम्मान महशुस गर्न नसकेको,
- जिल्ला व्यवस्थापन तथा समन्वय समितिबाट पनि कार्यकम स्वीकृत गरिसकेपछि कार्यकमप्रति कम उत्तरदायी भएको,
- कार्यकम कार्यान्वयन चरणमा गैसकेपछि प्रदेश कार्यालयले सहजकर्तासँग कार्यकममा आएको समस्याहरुको बारेमा जानकारी नराखेको,
- कोरोनाका कारण समयमै योजना छनौट हुन नसकेको ।

**सुझावहरुः**

- कार्यक्रम गरिबी निवारण भएकाले राम्रो भएतापनि उद्देश्य धेरैतर्फ रहेकाले बजेट वितरणमुखी हुने ।
- व्यक्तिगत व्यवसाय भन्दा सामुहिक/सहकारीमुलक बनाउनु पर्ने ।
- पूँजीगत खर्च १२% भएकाले रोजगार मुलक बजेट पूँजीगत ५०% प्रतिशत बनाउनु पर्ने ।
- योजना छनौट र स्वीकृत प्रकृया Time Bond हुनुपर्ने,
- प्रादेशिक इकाई नभएको र पालिका इकाई, जिल्ला समन्वय समिति इकाईको प्रबन्ध र संयोजन हुन नसकेकोले जवाफदेहिता र पालिकाले कार्यक्रमको अपनत्व लिन नसकेको,

- ➢ खरिद प्रकृयामा मापदण्ड निर्धारित गर्दा सहजकर्ता तथा सम्बन्धित इकाइको अधिकार वा सहभागिता गराउने कार्यविधि नभएको,
- ➢ सहजकर्ताको फिल्ड पालिका भएकाले पालिका इकाई कार्यालय र तहगतलाई जवाफदेहिता बनाउनु पर्ने,
- ➢ चौमासिक समिक्षा पालिका स्तर र प्रादेशिक इकाईमा हुनुपर्ने,
- ➢ कार्यक्रम लक्षित धेरै भएपनि पालिकाको ३ वर्षे आवधिक योजनामा समावेश गरी लक्षित कार्यक्रम २/३ सम्म बनाउनु पर्ने ।
- ➢ मानोनित समाजिक/शैक्षिक व्यक्तिहरु पालिका स्तरको हुनुपर्ने र उनीहरु प्रतिष्ठिन र इमानदार हुनुपर्ने ।

**२.२ नवलपरासी (पश्चिम) जिल्लाका मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम लागु भएका पालिकाहरुको संचालन र कार्यान्वयनको हालको अवस्थाः**

**(क) पालीनन्दन गाउँपालिका**

**(अ) लागु भएका कार्यक्रमहरुः**

- **शिक्षातर्फः** प्रोजेक्टर खरिद, टिफिन बक्स, स्कुल ब्याग खरिद तथा वितरण, शैक्षिक सामग्री खरिद वितरण, **स्वास्थ्यतर्फः** औषधि खरिद तथा वितरण,
- **कृषितर्फः** तरकारी बीउ खरिद,
- **आवशतर्फः** अति विपन्न परिवारको लागि आवस निर्माण आदि ।

**(आ) अनुगमनबाट देखिएको अवस्थाः**

- ➢ वार्षिक रिपोर्ट बुझाउने गरेका,
- ➢ पालिकाको योजनाहरुलाई प्राथमिकता दिने हुँदा मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम ओझेलमा परेको,
- ➢ कार्यक्रमलाई गाउँपालिकाले आफ्नो कार्यकम नसम्झनु र समय नदिनु ।
- ➢ जिल्ला व्यवस्थापन तथा समन्वय समितिबाट पनि कार्यकम स्वीकृत गरिसकेपछि कार्यकमप्रति कम उत्तरदायी भएको,
- ➢ कार्यकम कार्यान्वयन चरणमा गैसकेपछि प्रदेश कार्यालयले सहजकर्तासँग कार्यकममा आएको समस्याहरुको बारेमा जानकारी नराखेको,
- ➢ झिनामसिना कुराहरुमा मात्र कार्यक्रम सिमित रहेको ।

**(ख) सरावल गाउँपालिका**

**(अ) लागु भएका कार्यक्रमहरुः**

- **शिक्षातर्फः** विपन्न तथा जेहेन्दार, गरिब विद्यार्थीहरुलाई साईकल वितरण, पिछडिएका दलित, अपाङ्ग र लक्षित वालबालिकाको लागि शैक्षिक सामग्री खरिद,

- **स्वास्थ्यतर्फः** सुत्केरी हुने अवस्थाका महिलालाई निशुल्क एम्बुलेन्स सेवा संचालन, पिछडिएका दलित समुदायलाई निशुल्क आँखा शिविर संचाल र मोतिविन्दुको अप्रेशन, खोपानीतर्फ पिछडिएका, दलित समुदायमा हेन्डपाईप वितरण,
- **पशुपंक्षीतर्फः** व्यवसायमा प्रेरित गर्न अति गरिब विपन्न, दलित परिवारको लागि खोर सुधार कार्यक्रम, राहत तथा
- **पुनःस्थापनातर्फः** आर्थिक रुपले विपन्न तथा पिछडिएका बस्तिहरुबाट अति विपन्न परिवारलाई आवास निर्माण आदि ।

**(आ) अनुगमनबाट देखिएको अवस्थाः**

- ➢ कुनै पनि मापदण्ड बिना घर निर्माण भएको, जस्तै टिनको घर बनाइएको ।
- ➢ कार्यक्रम छनौट गर्ने बेलामा सम्बन्धित सदस्यहरु उपस्थित नुहने गरेको,
- ➢ कार्यक्रम कार्यान्वय इकाई सम्बन्धित पालिकामै हुने भएकोले उक्त कार्यक्रममा जिल्ला व्यवस्थापन तथा समन्वय समितिको भूमिका न्यून रहेको,
- ➢ लक्षित वर्गको पहिचान र तथ्याङ्क संकलन गर्न नसकिएकोले वास्तविक लक्षित वर्गसम्म कार्यक्रम पुग्न नसकेको,
- ➢ स्थानीय तह आफैमा अत्याधिक बढी कार्यक्रम भएकोले यस कार्यक्रममा उचित व्यवस्थापन हुने नसकेको,
- ➢ संघ र प्रदेशको कार्यक्रम एकआपसमा बाँझिएको अवस्था रहेको,
- ➢ औषधि खरिद गरी भण्डारण गरिएको र वितरण प्रक्रियामा रहेका ।

**(ग) जिल्ला समन्वय समितिः**

मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमको समग्र अवस्थाको बारेमा जिल्ला समन्वय समिति नवलपरासी (पश्चिम) का प्रमुख शिव शंकर प्रसाद राय, उपप्रमुख अब्दुल रहमान चुरिहार, प्रमुख जिल्ला अधिकारी सागरमणि पाठक लगायतको उपस्थितिमा गरिएको अन्तरक्रिया कार्यक्रमबाट निम्नानुसारको अवस्था रहेको देखियो ।

- ➢ गाउँपालिकाले पठाएको कार्यक्रम स्वीकृत नहुँदा विवाद हुने गरेको,
- ➢ समन्वयले स्वीकृत गरेको कार्यक्रमलाई बीचबीचमा संशोधन गरेर गाउँपालिकाले पठाउने र समन्वयले सहमति दिने गरेका कारण झिनामसिना कार्यक्रमहरु स्वीकृत हुने गरेको,
- ➢ पालिकाले सहजकर्ताको सरसल्लाह मान्न आनकानी गरेको ।

**सुझावहरुः**

- ➢ कार्यक्रम छनौट र कार्यान्वयनको चरणमा सम्बन्धित प्रदेश सभा सदस्य, पदाधिकारीलाई अनिवार्य सहभागी बनाउने गरी संरचना निर्माण गर्नुपर्ने,
- ➢ लक्षित वर्ग तथा समुदायको आधिकारिक तथ्याङ्क संकलन गरी वस्तविक लक्षित वर्ग तथा समुदायले मात्र कार्यक्रमबाट लाभ प्राप्त गर्न सक्ने व्यवस्था गर्नुपर्ने,
- ➢ संघ र प्रदेशबाट संचालित कार्यक्रमबीच दोहरो पनाको हुन नहुने,

- सम्बन्धित पालिकाहरुले मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमका सहजकर्ताहरुको कार्यकक्ष बनाउनु पर्ने,
- पालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई उक्त कार्यक्रमप्रति पूर्ण जिम्मेवारी र उत्तरदायि बनाईनुपर्ने,
- हचुवाको भरमा कार्यक्रम छनौट गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिनुपर्ने,
- निर्देशिकाको संशोधन गर्नुपर्ने ।
- निर्वाचन क्षेत्र र सांसदको भूमिकालाई पालिकासँग जोड्नु पर्ने ।
- निर्देशिकाको गरिबी निवारण कार्यक्रमको कलष्टर स्वास्थय, शिक्षा, उद्यम, कृषि तथा वन तालिम पर्वधन आवास वा अन्य भएतापनि २ वा ३ क्षेत्र मात्र रोजन पाउन र ३ वर्षे आवधिक योजनाको बहुवर्षिय कार्यक्रम बनाउनुपर्ने । वितरित र सस्तो लोकप्रिय भन्दा दीगो र आत्म निर्भर कार्यक्रमलाई जोड्नुपर्ने ।
- चौमासिक अनुगमन, मुल्यांकनको व्यवस्था हुनुपर्ने ।
- केन्द्र, प्रदेश र स्थानीय तहको स्वरोजगार तथा गरिबी निवारण शाखाको व्यवस्था गर्नुपर्ने ।
- एक स्थानीय तह एक सहजकर्ताको व्यवस्था गरी कार्यक्रम सिफारिस तथा कार्यान्वयन समितिमा सहजकर्तालाई सदस्य सचिव बनाउन सकेमा कार्यक्रम कार्यान्वयनमा प्रभावकारी हुने देखिन्छ ।
- कार्यक्रम छनौट हुनु भन्दा पहिला प्रदेश कार्यालयबाट कार्यक्रम सिफारिस तथा कार्यान्वयन समिति, जिल्ला व्यवस्थापन तथा समन्वय समिति र सम्बन्धित क्षेत्रबाट प्रदेश सभामा प्रतिनिधित्व गर्नुहुने माननीय सदस्य र सहजकर्तालाई एकै ठाउँमा राखेर छलफल गराई कार्यक्रमबारे स्पष्ट रुपमा बुझाउनु पर्ने,
- सहजकर्ताको तह स्पष्टरुपमा खुलाई सोहि अनुसारको सेवा सुविधा तोकी कार्यविधिमा कार्यक्रम सिफारिस तथा कार्यान्वयन समितिमा सहजकर्ताको स्थान र भुमिका बढाउनु पर्ने,
- गाँउपालिकाबाट पठाएको कार्यक्रम स्वीकृत गर्ने र बर्षमा एक पटक मात्र अनुगमन गरिने हुँदा कार्यक्रम व्यवस्थापन तथा समन्वय समितिको भूमिकालाई थप जिम्मेवार र क्रियासील बनाउनु पर्ने देखिन्छ ।
- कार्यक्रम लक्षित समुह भन्दा बाहिर नजान कार्यक्रम सिफारिस तथा कार्यान्वयन समितिलाई थप सचेत वा जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।
- कार्यक्रम कार्यान्वयनमा गैसकेपछि प्रदेश कार्यालयले कम्तीमा प्रत्येक ३-४ महिनामा कार्यक्रमको प्रगतिको अवस्था र कठिनाइका बारेमा सहजकर्ता र प्रदेश माननियज्यूहरुसँग छलफल गरी समस्या समाधान गर्नुपर्ने ।

**निष्कर्षः**

मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम कार्यक्रमको उद्देश्य अनुरुप नगई अन्य भिना मसिना वितरणमुखी कार्यक्रमहरु भुल, ब्याल्याङ्केट, चामल, छाता, थर्मस, कपि, भोला, टर्चलाईट र टिफिन बक्स समेत वितरण गरेको सूचनाका आधारमा Covid-19 का कारण सबै जिल्लामा जान सक्ने अवस्था नरहेकोले भारतसँग सीमा जोडिएको तराईको नवलपरासी र दाङ जिल्लाबाट अन्य जिल्लाहरुको अवस्थाका बारेमा समेत बुझ्न सजिलो हुने हुँदा नवलपरासी र दाङ जिल्ला छनौट गरी दुवै जिल्लामा समितिको तर्फबाट गरेको संसदीय निगरानी अन्तर्गतको अनुगमनको निष्कर्षका रुपमा निम्न बुँदाहरु कार्यान्वयन गनुपर्ने देखिन्छ ।

१. सम्बन्धित निर्वाचन क्षेत्रको प्रदेश सभा सदस्यको संयोजकत्वमा त्यस क्षेत्रका अन्य प्रदेस सभा सदस्यहरु समेत रहने गरी जिल्ला समन्वय समिति प्रतिनिधि, सम्बन्धित जिल्ला निर्वाचन क्षेत्रभित्रका पालिका अध्यक्ष, उपाध्यक्ष र सहजकर्ता सदस्य रहेको समिति निर्माण गरी योजना छनोट तथा अनुगमनको भूमिका सुनिश्चित गर्नुपर्ने ।

२. यसरी छनौट भएका योजनाहरु सम्बन्धित पालिकाहरुले कार्यान्वयन गर्ने व्यवस्था गर्नुपर्ने,

३. मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमका योजनाहरु अत्यन्त भिनामसिना राहत तथा वितरणमुखी भएकोले उत्पादन तथा रोजगारमुखी बनाउन जोड दिनु पर्ने,

४. कार्यक्रमको चालु खर्च (साधारण खर्च) बढी हुँदा योजनाहरु वितरणमूखी भएकोले पूँजीगत खर्च बढाउनु पर्ने ।

५. सहजकर्ताको तह स्पष्ट रुपमा खुलाई सोही अनुसारको सेवा सुविधा उपलब्ध गराउनुपर्ने र उत्कृष्ट काम गर्ने सहकर्तालाई पुरस्कारको व्यवस्था गरी कार्यक्रमप्रति वेवास्ता गर्ने सहजकर्तालाई सचेत गराउनु पर्ने ।

६. पालिकाले छनोट गरी पठाएका योजनाहरु जिल्ला समन्वयले स्वीकृत गर्दा केही काँटछाँट गर्‍यो भने कार्यान्वयनमा पालिकाहरु उदासीन भइदिने समस्ड्ढा व्यापक रुपमा देखिएको हुँदा सोही कारणले लामो समयसम्म कार्यान्वयन नहुने र आर्थिक वर्षको अन्तिम तिर आउँदा पालिकाहरुले संशोधनको लागि जिल्ला समन्वयलाई अनुरोध गर्ने र भिनामसिना कार्यक्रम नै भएपनि संशोधन गर्नपर्ने स्थिति देखा परेकोले यसतर्फ ध्यान दिनु पर्ने,

७ पालिकाहरुलाई आफ्नो बजेट कार्यान्वयनको चाप पर्ने हुँदा प्रदेशको कार्यक्रमलाई प्राथमिकता नदिने गरेकोले पालिकालाई प्रदेशको कार्यक्रमप्रति जवाफदेही बनाउनु पर्ने,

८. मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमको कार्यविधिमा निम्नानुसार संशोधन थप गर्नुपर्नेः
   - मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम हेर्ने छुट्टै महाशाखाको स्थापना गर्नुपर्ने,

- खरिद प्रकृयामा मापदण्ड निर्धारित गर्दा सहजकर्ता तथा सम्बन्धित इकाइको अधिकार वा सहभागिता गराउनु पर्ने,
- सहजकर्ता अभिमुखीकरण साउन भित्र, कार्यक्रम सिफारिस तथा कार्यान्वयन समितिको अभिमुखीकरण भदौ भित्र प्रदेश कार्यालयले गर्नुपर्ने,
- सहजकर्ता कार्यरत रहेको सम्बन्धित पालिका सहजकर्ताको कार्यकक्ष बनाई नियमित हाजिर गर्ने व्यवस्था गर्नुपर्ने ।

९. प्रधानमन्त्री स्वरोजगार कार्यक्रम, पालिका गरिबी निवारण कार्यक्रम र प्रादेशिक कार्यक्रमहरुलाई एकिकृत बनाई लागु गर्दा उपयुक्त हुने ।

१०. नेपाल सरकार, शहरी विकास मन्त्रालयबाट जनता आवास कार्यक्रम अन्तर्गत विपन्न दलित आदिको लागि आवास निर्माण भैरहेको हुँदा मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमबाट विनियोजित रकमबाट आवास निर्माण गर्ने प्रवृति तत्काल रोक लगाउनु पर्ने देखिन्छ ।

११. पालिकाका लक्षित वर्ग तथा समुदायको आधिकारिक तथ्याङ्क संकलन गरी वस्तविक लक्षित वर्ग तथा समुदायले कार्यक्रमबाट लाभ लिएनलिएको बारे समयसमयमा अनुगमन आवश्यक निर्देशन दिने गर्नुपर्दछ ।

१२. विपन्न जेहेन्दार विद्यार्थीलाई मात्र शैक्षिक सामग्री, साईकल वितरण गर्नुपर्नेमा अन्यलाई समेत गरेको हुँदा त्यस्ता कार्यहरुलाई रोक्नुपर्ने,

१३. विपन्न परिवारलाई आधारभूत तालिम प्रदान गरिसकेपछि उनीहरुलाई स्वावलम्बन गराउनको लागि सहज र बिना व्याज ऋण उपलब्ध गरानुपर्ने,

१४. आफूखुसी औषधि खरिद तथा वितरण गर्दा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने हुँदा जनस्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने औषधिजन्य सामग्रीहरु खरिद तथा वितरणमा स्वास्थ्य कर्मीको प्रत्यक्ष संलग्नता हुनुपर्ने,

मितिः २०७७।०३।२९

## अनुसूची-२
## समितिका सदस्यहरुको नामावली (पदेन सदस्य सहित)

| क.सं. | माननीयज्यूहरुको नाम | पद |
|---|---|---|
| १ | मा० श्री दामा कुमारी शर्मा | सभापति |
| २ | मा० श्री इन्द्रजीत थारु | सदस्य |
| ३ | मा० श्री खड्ग बहादुर खत्री | सदस्य |
| ४ | मा० श्री चिन्तावती कुर्मी | सदस्य |
| ५ | मा० श्री दिपेन्द्र कुमार अधिकारी | सदस्य |
| ६ | मा० श्री भगवती देवी भण्डारी | सदस्य |
| ७ | मा० श्री भुवनेश्वर चौधरी | सदस्य |
| ८ | मा० श्री भोज प्रसाद श्रेष्ठ | सदस्य |
| ९ | मा० श्री रमा अर्याल | सदस्य |
| १० | मा० श्री विमला कुमारी खत्री | सदस्य |
| ११ | मा० श्री सन्तोस कुमार पाण्डेय | सदस्य |
| १२ | मा० श्री सरस्वती गौतम | सदस्य |
| १३ | मा० श्री सुरेन्द्र बहादुर हमाल | सदस्य |
| १४ | मा० श्री हरिप्रसाद रिजाल | सदस्य |
| १५ | मा.मुख्यमन्त्री श्री शंकर पोखरेल | पदेन सदस्य |
| १६ | मा. आन्तरिक मामिला तथा कानून मन्त्री श्री कुल प्रसाद के.सी. | पदेन सदस्य |

## अनुसूची-३

## समिति सचिवालय वा कार्यसँग समबद्ध कर्मचारीको नामवली

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १ | श्री दुर्लभ कुमार पुन मगर | सचिव |
| २ | श्री श्याम प्रसाद श्रेष्ठ | उपसचिव (कानून) |
| ३ | श्री सीता घिमिरे | कानून अधिकृत (समिति सचिव) |
| ४ | श्री विवश बोहरा | कम्प्यूटर अपरेटर |
| ५ | संगीता भण्डारी | खरिदार |
| ६ | श्री शशिधर पुन | सहयोगी |

## अनुसूची-४
## समितिमा आमन्त्रित विज्ञ वा व्यक्तित्वहरुको नामवली

| क्र. सं. | नाम, थर | पद | कार्यालय |
|---|---|---|---|
| १. | माननीय श्री शंकर पोखरेल | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. | माननीय श्री कुल प्रसाद केसी | मन्त्री | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ३. | मा. श्री आशा स्वर्णकार | सभापति | भौतिक पूर्वाधार विकास समिति |
| ४. | मा. श्री इन्द्र प्रसाद खरेल | प्रदेश सभा सदस्य | प्रदेश सभा प्रदेश नं. ५, बुटवल |
| ५. | श्री तोय नारायण ज्ञवाली | प्रमुख सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ६. | प्रा. डा. ईश्वर गौतम | उपाध्यक्ष | प्रदेश योजना आयोग, प्रदेश नं. ५, बुटवल |
| ७. | श्री राजेन्द्र थापा | कानून सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्याल |
| ८. | श्री शंकर प्रसाद खरेल | सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ९. | श्री टेक नारायण पाण्डे | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्याल |
| १०. | श्री भरतमणी सुवेदी | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्याल |
| ११. | श्री रविलाल पन्थ | सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| १२. | श्री यमाकान्त पाण्डे | उप सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्याल |
| १३. | श्री हरिहर पोखरेल | अधिकृत नवौं | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| १४. | श्री हरिसिंह धामी | उपसचिव कानून | आन्तरिक मामिला तथा कानून मन्त्राय |

| | | | |
|---|---|---|---|
| १५. | श्री सुरेश विक्रम शाह | प्रहरी नायव महानरिक्षक | प्रदेश प्रहरी कार्यालय |
| १६. | श्री रामचन्द्र अर्याल | महाशाखा प्रमुख | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्याल |
| १७. | श्री दिपक ज्ञवाली | प्रदेश लेखा नियन्त्रण | प्रदेश लेखा नियन्त्रकको कार्यालय प्रदेश नं. ५, बुटवल |
| १८. | श्री धनश्याम नेपाल | लेखा अधिकृत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्याल |
| १९. | श्री सुरेन्द्र भण्डारी | शाखा अधिकृत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्याल |
| २०. | श्री केशवराज आचार्य | | आन्तरिक मामिला तथा कानून मन्त्रालय |

## अनुसूची-५
## समिति बैठकमा सदस्यहरुको उपस्थिति विवरण

| क.स. | नामथर | पद | जम्मा उपस्थिति संख्या |
|---|---|---|---|
| १ | मा० श्री दामा कुमारी शर्मा | सभापति | ३१ |
| २ | मा० श्री इन्द्रजीत थारु | सदस्य | १ |
| ३ | मा० श्री खड्ग बहादुर खत्री | सदस्य | २३ |
| ४ | मा० श्री चिन्तावती कुर्मी | सदस्य | ८ |
| ५ | मा० श्री दिपेन्द्र कुमार अधिकारी | सदस्य | ६ |
| ६ | मा० श्री भगवती देवी भण्डारी | सदस्य | २६ |
| ७ | मा० श्री भुवनेश्वर चौधरी | सदस्य | ९ |
| ८ | मा० श्री भोज प्रसाद श्रेष्ठ | सदस्य | ३१ |
| ९ | मा० श्री रमा अर्याल | सदस्य | ३० |
| १० | मा० श्री विमला कुमारी खत्री | सदस्य | ४ |
| ११ | मा० श्री सन्तोस कुमार पाण्डेय | सदस्य | १२ |
| १२ | मा० श्री सरस्वती गौतम | सदस्य | २१ |
| १३ | मा० श्री सुरेन्द्र बहादुर हमाल | सदस्य | ११ |
| १४ | मा० श्री हरिप्रसाद रिजाल | सदस्य | १८ |